# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक १०५ | काठमाडौं | सोमबार, २१ साउन २०८१ | Prabhab National Daily | Monday, August 05, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com




ललितपुरको जावलाखेलमा रहेको रातो मछिन्द्रनाथको भोटो देखाउँदै गुठी संस्थानका प्रमुख बैकुण्ठ आचार्य । (थप समाचार पृष्ठ २ मा)

*तस्बिरः प्रदीपराज वन्त/रासस*

# संविधान संशोधनमा विभाजित दल

- प्रतिनिसभामा कांग्रेस-एमालेलाई सहज, राष्ट्रिय सभामा कठिन
- कांग्रेस-एमाले समानुपातिक प्रणाली र माओवादीसँगै मधेसवादी दलहरु प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको पक्षमा

■ **जेबी योञ्जन**

**काठमाडौं–** संविधान संशोधनलाई मूल एजेण्डा बनाएर नेपाली कांग्रेस र नेकपा एमालेबीच सत्ता सहकार्यको समझदारी भएको महिना दिन बित्यो । दुई दलबीच संविधान संशोधन गरेर समानुपातिक प्रणाली हटाउने समझदारी भएको गत १७ असारमै हो । समझदारीअनुसार गठबन्धन सरकार सञ्चालन गरिरहेको भए पनि संविधान संशोधनबारे ठोस कदम चालिएको छैन ।

यसबीचमा दलहरू मुख्यतः दुई धारमा ध्रुवीकृत भएका छन् । कांग्रेस-एमाले संविधान संशोधन गर्नुपर्नेमा पक्षमा रहँदा अन्य दलहरू संशोधनका लागि तयार छैनन् । यदि, संशोधन नै गर्नुपरे प्रत्यक्ष निर्वाचित राष्ट्रपति र मुख्यमन्त्री हुनुपर्ने केही दलको मत प्रकट भइरहेको छ । यस्तो मत राख्ने प्रमुख दल नेकपा माओवादी केन्द्र हो ।

संविधान संशोधन त्यति सजिलै हुने विषय भने होइन । कारण, संसद्को गणित पनि कांग्रेस-एमाले अनुकूल छैन । संशोधनका विषय सार्वजनिक नभएकाले त्यसले ल्याउने राजनीतिक तरंग अनपेक्षित हुनसक्छ ।

प्रतिनिधिसभामा कांग्रेस-एमाले गठबन्धनको दुईतिहाइ बहुमत पुग्ने देखिएको छ । तर, संसद्को माथिल्लो सदन राष्ट्रिय सभामा दुईतिहाइ पुग्न कठिन छ । त्यसमा पनि प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रले संविधान संशोधनको विषय सुन्नेबित्तिक्कै समावेशिता, समानुपातिक प्रणालीलगायतका विषय हटाउन खोजियो भन्दै 'हुँदै हुँदैन' भन्न थालेको छ । कांग्रेस र एमालेले संविधान संशोधनलाई मुख्य एजेण्डा बनाएर समीकरण बनाएपछि माओवादीले यसैलाई राजनीतिक मसला बनाएको छ ।

'हेक्का यो रहोस् कि कांग्रेस-एमालेले आफू अनुकूल संविधान संशोधन गर्न चाहेको छ तर त्यो सफल हुन दिने छैनौं,' माओवादी सांसद राजन दाहालले प्रभावसँग भने ।

माओवादी अध्यक्ष पुष्पकमल दाहालले संविधान संशोधनको विषयलाई प्रतिगमन भनिरहेका छन् । कांग्रेस र एमालेले संविधान संशोधन गरेर देशलाई पश्चगमनतर्फ लैजान खोजेको आरोप उनले लागाइरहेका छन् । प्राप्त उपलब्धिमा तलमाथि भए सडक आन्दोलन गर्ने चेतावनी पनि दाहालको छ ।

कांग्रेस र एमालेले एजेण्डाको रूपमा सारेको संविधान संशोधन माओवादीले आशंका गरेजस्तै पश्चगामी छ त ? आशंका सरासर गलत रहेको कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महत बताए । 'संशोधनमार्फत महिलाको सहभागिता, समानुपातिक सहभागितालाई समाप्त पार्न खोजियो भन्ने किसिमबाट भाष्य सिर्जना गर्न खोजिएको छ, त्यो पटक्कै होइन,' उनले भने, 'सरकार बनेर संरचना पूरा हुने काम हुँदै गरेको हो ।'

सरकारमा रहेर 'डेलिभरी' दिन नसकेपछि राजनीतिक दलहरूले कमजोरी लुकाउन संविधानलाई दोष दिँदै आएका छन् । हाल कांग्रेस र एमालेको समझदारीलाई कतिपयले त्यही अर्थमा बुझेका छन् । माओवादीसहित मधेसकेन्द्रित दलहरूले यदि संविधान संशोधन नै गर्ने भए प्रदेश संरचना र अधिकारमा ध्यानुपर्ने पक्षमा छन् । नयाँ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले पनि वर्तमान प्रदेश संरचनालाई स्वीकार गरेको छैन । राप्रपाको एजेण्डा राजतन्त्र र हिन्दूराष्ट्र छ । विभिन्न जातजाति समुदायका पनि संविधान संशोधनका एजेण्डा छन् ।

(क्रमशः पृष्ठ २ मा)



कांग्रेस-एमालेले आफू अनुकूल संविधान संशोधन गर्न चाहेको छ तर त्यो सफल हुन दिने छैनौं ।

■ **राजन दाहाल**
**प्रतिनिधिसभा सदस्य, माओवादी केन्द्र**



संविधान संशोधन गरेर समानुपातिक सहभागितालाई समाप्त पार्न खोजियो भन्ने किसिमबाट भाष्य सिर्जना गर्न खोजिएको छ, त्यो होइन ।

■ **डा. प्रकाशशरण महत**
**प्रवक्ता, नेपाली कांग्रेस**



संविधानमा दलित, मुक्त कमैया, थारु, हरुवाचरुवा, मधेसी, जनजातिको अधिकार पूर्ण छैन । त्यो होस् भन्ने चाहनाले हामी सरकारमा गएका हौं ।

■ **रञ्जिता श्रेष्ठ चौधरी**
**अध्यक्ष, नागरिक उन्मुक्ति पार्टी**

### छानबिन समितिको निष्कर्ष

# प्रदेश अर्थमन्त्रीबाट नियम मिचेर रकमान्तर

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** मधेस प्रदेशमा गएको आर्थिक वर्ष २०७९/८० मा अनियमितरूपमा रकमान्तर गरेको पाइएको छ । अनियमित रकमान्तरसम्बन्धी छानबिन समितिले यस्तो निष्कर्ष निकालेको हो । त्यसबेला रकमान्तर गर्दा प्रदेशको आर्थिक मामिला तथा योजनामन्त्री सञ्जयकुमार यादव थिए ।

उनले प्रदेशको १३६ मध्ये १३० स्थानीय तहमा असन्तुलितरूपमा ससर्त र विशेष अनुदान पठाएका थिए । छ वटा स्थानीय तहमा अनुदान नपठाएको खुलेको छ ।



- रकमान्तर प्रक्रियामा अनियमितता भएको समितिको निष्कर्ष
- तत्कालीन अर्थमन्त्री सञ्जयकुमार यादवले कार्यविधिलाई मिचेर अनियमितता गरेको उल्लेख

तर, अस्वाभाविकरूपमा सर्लाहीको छ वटा र सप्तरीको एक गरी सात पालिकामा धेरै अनुदान पठाएको छानबिन समितिको निष्कर्ष छ ।

मन्त्री यादवले रकमान्तरमा अनियमितता गरेको निष्कर्षसहितको छानबिन प्रतिवेदन सार्वजनिक भएको हो । विषयगत मन्त्रालयले बजेट माग गरेको मिति अगावै रकमान्तर गरेको, उद्योग तथा पर्यटन मन्त्रालयका मन्त्रीको स्वकीय सचिवले लेटरहेडको दुरूपयोग गरेर ४२ करोड रूपैयाँ रकमान्तर गराएको छानबिन समितिले उल्लेख गरेको छ ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# जापानको भवन मर्मत क्षेत्रमा नेपाली श्रमिकलाई अवसर

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगारीका लागि आकर्षक गन्तव्य मानिएको जापानमा अब बिल्डिङ मेन्टेनेन्स (भवन मर्मतसम्भार) क्षेत्रमा पनि नेपाली श्रमिकले रोजगारीको अवसर पाउने भएका छन् । नेपाल र जापान सरकारबीच भएको जिटुजी सम्झौताअनुसार स्पेसिफाइड स्किल वर्कर (एसएसडब्ल्यू) अन्तर्गत अन्य क्षेत्रमाझैं अब भवन मर्मतसम्भार क्षेत्रमा पनि नेपाली श्रमिक जान पाउने भएका हुन् ।

जापानको भवन मर्मतसम्भार संघ (जेबिएमए)का प्रतिनिधिले नेपालबाट श्रमिक लैजाने सम्बन्धमा आवश्यक तयारी गरिरहेको भन्दै गत शुक्रबार वैदेशिक रोजगार विभागका महानिर्देशक डण्डुराज घिमिरेलाई भेट गरी जानकारी दिएका छन् । बिल्डिङ मेन्टेनेन्समा जान चाहने नेपाली श्रमिकहरू सीप जाँचका लागि आउँदो नोभेम्बरको अन्त्य र डिसेम्बरको पहिलो हप्ता हुने परीक्षामा सहभागी हुन सक्ने छन् । नेपालमा जेबिएमएले सीप परीक्षा सञ्चालन गर्ने बताइएको छ । नेपालमा रहेको प्लेन्टी ट्रेनिङ प्रालिको समन्वयमा परीक्षा सञ्चालन हुने छ ।

परीक्षाको नतिजा एक महिनापछि आउने र परीक्षा उत्तीर्ण भएकाहरूले जापानको बिल्डिङ मेन्टेनेन्स क्षेत्रमा रोजगारीको अवसर पाउने प्लेन्टी ट्रेनिङ प्रालिका सिइओ ज्ञानेन्द्र भट्टले बताए । सीप परीक्षामा सहभागी हुन चाहनेको उमेर १७ वर्ष पूरा हुनुपर्ने छ । सीप परीक्षण उत्तीर्ण भई जापानी भाषाको जेएफटी (ए२) अथवा जेएलपीटी (एन४) लेभलको अध्ययन अनिवार्य भए पनि अन्य शैक्षिक योग्यता नचाहिने भट्टले जानकारी दिए ।



रोजगारीको क्षेत्रमा बिल्डिङ मेन्टेनेन्सको अर्थ अलि फरक रहेको सिइओ भट्टले बताए । 'ठूला कार्यालय, किनमेल केन्द्र र होटल, अपार्टमेन्टलगायतका भवनभित्रको फोहोर हटाउने, ढोका, बाटो, शौचालय, भूइँ, पर्खालको सरसफाइ र होटलहरूमा बेड मिलाउने तथा बनाउनेसम्बन्धी काम गर्नुपर्ने छ,' उनले भने ।

जेबिएमएसँग जापानका छ हजारभन्दा बढी यस क्षेत्रका कम्पनी संलग्न रहेको र करिब ३७ हजार रोजगारीको माग रहेको पनि भट्टले बताए । तर प्लेन्टीले रोजागरीका लागि परामर्श दिने, आवश्यक तालिम सञ्चालन गर्ने, सीप परीक्षाका लागि समन्वय गर्ने गरेपनि आफैले श्रमिक पठाउने कार्य नगर्ने प्रस्ट पारेको छ । तर श्रमिकको आवश्यक भएका कम्पनीहरूमा रोजगारीको समन्वयको काम जापानस्थित प्लेन्टी कम्पनीले गर्ने छ । यसका लागि सीप परीक्षा उत्तीर्ण गरेका श्रमिक आफैंले व्यक्तिगत श्रम स्वीकृति लिएर प्रक्रिया बढाउनुपर्ने बताइएको छ । अन्य देशबाट पनि कामदार लगिरहेका कारण नेपालबाट एक पटकमा करिब ३०० कामदार लैजाने जेबिएमएको तयारी रहेको प्लेन्टीले जनाएको छ ।

सीप परीक्षणमा 'पेपर टेस्ट' र भवन सरसफाइसम्बन्धी कामको परीक्षा लिइने बताइएको छ । पेपर टेस्टमा तस्बिर र चित्रण प्रयोगसम्बन्धी जाँच हुने बताइएको छ । कार्य परीक्षणमा भूइँ सफाइ, सिसाको सफाइ र पश्चिमी शैलीका शौचालयको सफाइ हुने छ । यी दुवै परीक्षामा ६० प्रतिशतभन्दा माथि ल्याउने व्यक्ति उत्तीर्ण हुने मापदण्ड रहेको भट्टले बताए । यसका लागि अक्टोबरदेखि तालिम सुरु हुने उनले जानकारी दिए ।

अहिलेसम्म तालिम सञ्चालन र सीप परीक्षाका लागि प्लेन्टी ट्रेनिङ प्रालि नै आधिकारिक भएकाले भ्रममा नपर्न पनि भट्टले आग्रह गरेका छन् । उनका अनुसार बिल्डिङ मेन्टेनेन्सका क्षेत्रमा एसएसडब्ल्युअन्तर्गत म्यानपावर कम्पनीले पनि श्रमिकहरू पठाउनसक्ने भए पनि उनीहरूसँग कुनै सहकार्य गरिएको छैन । जापानले एसएसडब्ल्युअन्तर्गत समेटेको १६ वटा क्षेत्रमध्ये बिल्डिङ मेन्टेनेन्स पनि परेकोले सीपयुक्त श्रमिकका लागि सुनौलो अवसर भएको भट्टले बताए ।

(क्रमशः पृष्ठ २ मा)




# राष्ट्रपतिले अवलोकन गरे भोटोजात्रा



**पाटन (ललितपुर)–** राष्ट्रपति रामचन्द्र पौडेलले परम्परागतरूपमा मनाइँदै आएको भोटोजात्रा अवलोकन गरेका छन् । उनले ललितपुरको जावलाखेलमा आइतबार अपराह्नमा ४ बजे आयोजित कार्यक्रममा भोटोजात्रा अवलोकन गरेका हुन् ।

राष्ट्रपतिसँगै उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री केपी शर्मा ओली, प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, सभामुख देवराज घिमिरे र राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले भोटोजात्रा अवलोकन गरे । उनीहरूलाई ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जन, प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठ, महानगर उपप्रमुख मञ्जली शाक्य बज्राचार्यले स्वागत गरेका थिए ।

हरेक वर्ष राष्ट्रप्रमुखको उपस्थितिमा मच्छिन्द्रनाथको रथमा उभिएर गुठी संस्थानका कर्मचारीले भोटो देखाउने परम्पराअनुसार आइतबार राष्ट्रपति पौडेलको उपस्थितिमा भोटो देखाइएको हो । सो अवसरमा राष्ट्रपति पौडेलले रातो मच्छिन्द्रनाथको दर्शन गर्नुका साथै प्रसाद ग्रहण गरे । उनले जीवित देवी कुमारीको दर्शन पनि गरे ।

वर्षा र सहकालका देवता रातो मच्छिन्द्रनाथको रथलाई पुल्चोकबाट गावहाल, मंगलबार, टंगाल इटीटोल, कुमारीपाटी मानभवन हुँदै जावलाखेल ल्याइएको चार दिनपछि भोटो देखाएर जात्राको समापन गरिने प्रचलनअनुसार भोटो देखाइएको हो । यससँगै यस वर्षको रथयात्रा सम्पन्न भएको छ ।

गत वैशाख २७ गते रातो मच्छिन्द्रनाथको मूर्तिलाई पुल्चोकमा रथारोहणका गरेसँगै यो जात्रा सुरु भएको थियो । रातो मच्छिन्द्रनाथको मूर्ति मच्छिन्द्रबहालस्थित मन्दिरबाट बोकेर रथारोहण गरेपछि जात्रा प्रारम्भ भएको थियो । यो जात्रा काठमाडौं उपत्यकाको सबैभन्दा प्रसिद्ध जात्रामध्येको एक हो । जात्रा करिब एक हजार ६०० वर्षअघि सुरु भएको विश्वास गरिन्छ ।

### रातो मच्छिन्द्रनाथको मूर्तिलाई बुङमती लगियो

रातो मच्छिन्द्रनाथको मूर्तिलाई जावलाखेलको ललितमण्डपमा भोटो देखाएपछि रथबाट ओरालेर बुङमती लगिएको छ । हरेक वर्ष रथलाई ललितपुरको पुलचोकबाट गाबहाल, मंगलबार, टंगाल इटीटोल, कुमारीपाटी मानभवन हुँदै जावलाखेल ल्याइएको चार दिनपछि भोटो देखाउने र मूर्तिलाई रथबाट निकालेर मच्छिन्द्रनाथको मन्दिर बुङमती लगिने प्रचलन छ ।

बाह्र वर्षको एकपटक रातो मच्छिन्द्रनाथको मूर्तिसँगै रथ तानेर बुङमती लगिने प्रचलन भए पनि अन्य वर्षहरूमा मूर्तिलाई रथबाट ओरालेर सानो खटमा चारजना पुजारीले बोकेर बुङमती लगिने गरेको पुजारी साहु शाक्यले जानकारी दिए ।

## पृष्ठ १ बाट क्रमशः

### संविधान संशोधनमा...

'हाम्रो कुरा स्पष्ट छ । यसमा सहमति हुने अवस्था आएको भए वर्तमान सरकारमा हामी सहभागी हुन्थ्यौं,' नेता सगुनसुन्दर लावतीले भने, 'अहिलेको सरकारमा कांग्रेस र एमालेसँगै जसपा नेपाल, नागरिक उन्मुक्ति, लोसपा र जनमत सहभागी छन् । जसपा नेपालले समर्थन दिए पनि सरकारमा गएको छैन ।'

अशोककुमार राई नेतृत्वको दल जसपाले माओवादीले जसरी प्रदेश र संघमा पनि प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति हुनुपर्ने र सांसद मन्त्री हुन नपाउने व्यवस्थाको परिकल्पना गरेको छ । त्यसो गरिए सत्ता टिक्ने र सांसदको भूमिका पनि थप प्रभावकारी हुने दाबी यस दलको छ ।'संशोधन अहिलेको भन्दा प्रतिगामी हुनु हुँदैन । प्रत्यक्ष निर्वाचित राष्ट्रपति र चुनावी प्रणाली पूर्णसमानुपातिक बनाएमा स्थिरता आउँछ,' वीरेन्द्र महतोले प्रभावसँग भने, 'स्थानीय तहमा प्रत्यक्ष कार्यकारी स्वीकार गरेर प्रदेश र संघमा त्यसलाई अस्वीकार गरेर दोहोरो चरित्र ठूला दलले षडयन्त्र गरेलाई बनाएको थियो ।'

संविधान संशोधनकै सन्दर्भमा जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष उपेन्द्र यादवले कांग्रेस र एमाले मिलेर समानुपातिक प्रतिनिधित्व प्रणाली खारेज गर्ने षडयन्त्र गरेको आरोप लगाएको बताएका छन् । उनका अनुसार नेपालको अहिलेसम्मका आन्दोलनको ठूलो उपलब्धि समावेशिता व्यवस्था हो । तर, राज्यकै तर्फबाट अहिले समावेशी लोकतन्त्रमाथि प्रहार भइरहेको आरोप यादवको छ ।

सत्तारुढ दल जनमतले संविधान संशोधनका बारेमा छलफल गरेको छैन । उसले मुख्य दलबाट ड्राफ्ट खोजेको छ । नागरिक उन्मुक्ति पार्टीले पनि संविधान संशोधनलाई एजेण्डा बनाएको छ । दलकी अध्यक्ष रञ्जिता श्रेष्ठ चौधरीले भनिन्, 'संविधानको यो धारा त्यो धारा भनेर हामी भन्दैनौं । दलित, मुक्त कमैया, थारू, हरूवाचरुवा, मधेसी, जनजातिको अधिकार पूर्ण छैन । त्यो होस् भन्ने चाहनाले हामी सरकारमा गएका हौं ।' लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) संविधान संशोधनबाट 'थ्रेसहोल्ड' बढाउने कुराको विपक्षमा छ । 'बहुलवाद र बहुदलीय व्यवस्था संविधानले स्वीकार गरेको छ । यो संविधानको आत्मा हो । यसलाई संकुचन गर्ने कुनै पनि कुरा आयो,' लोसपाका नेता केशव झाले भने ।

●●●

### प्रदेश अर्थमन्त्रीबाट...

आर्थिक वर्ष २०७९/८० मा अर्थ मन्त्रालयले जथाभावी रकमान्तर गराएको भन्दै नेकपा एमालेले छानबिन समिति गठनको माग गरेको थियो । त्यसपछि लोकतान्त्रिक समाजवादी पार्टीका सांसद उपेन्द्र महतोको सभापतित्वमा २६ असार २०८० मा विशेष छानबिन समिति गठन गरिएको थियो । दुई महिना समय दिइएको उक्त समितिले झण्डै एक वर्षपछि ९ असार २०८१ मा सभामुख रामचन्द्र मण्डललाई प्रतिवेदन बुझाएको हो ।

समितिमा मधेस प्रदेशसभामा प्रतिनिधित्व गर्ने १० वटा दलका एक-एक जना सांसद सदस्य थिए । समितिले २२ असार २०८० सम्म विभिन्न मन्त्रालयहरूबाट रकमान्तरका लागि अर्थ मन्त्रालयमा लेखिआएको पत्रहरूको आधारमा रकमान्तर गरेको उल्लेख गरेको छ ।

तत्कालीन उद्योगमन्त्रीले मन्त्रालयको कार्यविभाजन नियमावलीविपरीत आफ्नो मन्त्रालय मातहत नरहेको कार्यालयमा भारी मात्रामा बजेट रकमान्तर गराएको पाइएको हो । भौतिक पूर्वाधार विकास मन्त्रालयले १८ असार २०८० मा रकमान्तरका लागि दिएको पत्रको चलानी नम्बर १६७० र १६७१, शिक्षा तथा समाज कल्याण मन्त्रालयले ५ असार २०८० मा रकमान्तरका लागि दिएको पत्रको चलानी नम्बर २९४ को पत्र दर्ता नगरी अर्थ मन्त्रालयले रकमान्तर गरेको पाइएको छ ।

कतिपय योजनाको बजेट सम्बन्धित मन्त्रालयले रकमान्तरका लागि पत्र पठाउनुअघि नै अर्थ मन्त्रालयले बजेट रकमान्तरको निर्णय गरिसकेकोसमेत छानबिनका क्रममा पाइएको छ । अर्थ मन्त्रालयले उक्त योजनाको बजेट रकमान्तरको निर्णय १२ असारमै गरेको पाइएको प्रतिवेदनमा उल्लेख छ । अर्थात् रकमान्तरको पत्र प्राप्त हुनुभन्दा एक दिनअघि नै रकमान्तरको निर्णय गरिएको थियो ।

छानबिनमा स्थानीय तहलाई दिने ससर्त, विशेष अनुदान वित्तरणमा पनि अनियमितता भएको पाइएको छ । तत्कालीन अर्थमन्त्री यादवले ससर्त अनुदान र विशेष अनुदान वितरण कार्यविधिलाई मिचेर अनियमितता गरेको छानबिन समितिको निष्कर्ष छ ।

●●●

### जापानको भवन...

पछिल्लो समय एसएसडब्ल्युअन्तर्गत सीप सिकेर जापान जाने नेपालीको संख्या निकै बढेको विभागका महानिर्देशक घिमिरे बताउँछन् । यसै सन्दर्भमा आवश्यक सहजीकरण र समन्वयका लागि आग्रह गर्दै जेबिएमए र प्लेन्टी नेपालका प्रतिनिधिहरूले आफूसँग भेट गरेको उनले बताए । नेपालबाट भवन सरसफाइ तथा व्यवस्थापन क्षेत्रमा नेपाली श्रमिकको माग हुनुले जापानमा रोजगारीको लाभ लिन सक्ने देखिएको महानिर्देशक घिमिरेले बताए । विभागको तथ्यांकअनुसार पनि रोजगारीका लागि जापान जाने संख्या बर्सेनि बढ्दै गइरहेको छ । गत आर्थिक वर्षमा मात्रै १३ हजार ८६४ जनाले जापान जान श्रम स्वीकृति लिएका छन् ।


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ISAM KABBANI AND PARTNERS FOR CONSTRUCTIONS AND MAINTENANCE CO. L.L.C. (Dubai Branch)

पूर्व स्वीकृति मिति : २०८१/०१/२७ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०४/२० LT. No. 304508 चलानी नं. ६०२१५४९३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labourer | 3 | 0 | 900 | ३२,५३० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Concrete Mason | 1 | 0 | 1200 | ४३,३७५ | | | | | | | |
| 3 | Construction Carpenter | 2 | 0 | 1200 | ४३,३७५ | | | | | | | |
| 4 | Electrician | 10 | 0 | 1200 | ४३,३७५ | | | | | | | |
| 5 | Painter | 02 | 0 | 1200 | ४३,३७५ | | | | | | | |
| 6 | Painter Assistant | 9 | 0 | 900 | ३२,५३० | | | | | | | |
| 7 | Tile Layer | 10 | 0 | 1200 | ४३,३७५ | | | | | | | |
| 8 | Tile Layer Assistant | 03 | 0 | 900 | ३२,५३० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन २८ गते (12th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

PREMIUM HR Govt. License 1631/080/081

PREMIUM HUMAN RESOURCE

Samakhusi-3, Kathmandu, Tel: 5917815, 5917814

Email: hr@premiumhr.com.np, Web: www.premiumhr.com.np



## ZERO COST RECRUITMENT OPPORTUNITY FOR KUWAIT !!!

## शुन्य लागत अन्तर्गत कुवेतमा वैदेशिक रोजगारको अवसर ।

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!

निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: RAZZMATAZZ GENERAL TRADING CO.SPC, Kuwait

कम्पनी : राजमताज जेनेरल ट्रेडिङ को. एसपिसि, कुवेत

Pre Approval Date : 2024-08-02 LT. No. 308356 चलानी नं. ६०२२३०३५

पूर्व स्वीकृति मिति : २०८१/०४/१८ एल टि न. ३०८३५६ Invoice No. 60223035

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook/Commis I | 3 | 3 | 180 | ७९,०६० | श्र.नि.अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cook/Commis II | 5 | 2 | 150 | ६५,८८० | | | | | | | |
| 3 | Cook/Commis III | 1 | 0 | 140 | ६१,४९० | | | | | | | |

The final interview will be conducted in the office on 12th August, 2024.

अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौँमा मितिः २०८१ साउन २८ गते हुनेछ ।

Pre-interview is going on. पूर्व अन्तरवार्ता जारी छ ।

नोटः आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा VNVNEPAL मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।

Note: Applicants are invited to VNVNEPAL to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | ने.रु.७०० I- रोजगारदाताले व्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी व्यवस्था : ने.रु.१५०० I- रोजगारदाताले व्यहोर्ने Management of Workers Welfare Fund NPR 1500/- By the Employer

सेवा शुल्क कस्ले व्यहोर्ने who will bear the Service Fee रोजगारदाताले व्यहोर्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।

Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौ ।

We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

VISION & VALUE श्रम ईजाजत नं. ८२२/०६६/०६७

VISION & VALUE OVERSEAS PVT. LTD.

Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450

Mobile: 9767659357/ 9767659356/ 9767659358 / 9863194834, 9863194832

Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

**सोमबार, २१ साउन, २०८१**

| | |
|---|---|
| **मेष** | धार्मिक मनोवृद्धि, सेवामुलक काम गरिनेछ । |
| **वृष** | सेवामुलक कामबाट धनलाभ प्राप्त हुने । |
| **मिथुन** | मिहिनेतले उपलब्धि हासिल हुने । |
| **कर्कट** | विछोडिएका आफन्तहरूसँग रमाइलो भेटघाट । |
| **सिंह** | स्वास्थ्यमा ध्यान पुऱ्याउनु पर्नेछ । |
| **कन्या** | टाढाको यात्राको सम्भावना हुनेछ । |
| **तुला** | मिहिनेत गरे केही न केही उपलब्धि हुनेछ । |
| **वृश्चिक** | आत्माविश्वासको कमीले काममा पछि परिने । |
| **धनु** | हडबड गर्नाले काममा बाधा पुग्ने । |
| **मकर** | अप्ठ्यारा परिस्थितलाई सहज बनाउन सहिनेछ । |
| **कुम्भ** | व्यस्तताले शरीर कमजोरीको अनुभूति हुने । |
| **मीन** | काममा प्रतिस्पर्धा बढ्न सक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

**२१ साउन**, २०८१ (०५ अगस्ट, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०१०० | १६०१५ |
| अमेरिकी डलर | १ को | १३३.६७ | १३४.२७ |
| युरो | १ को | १४४.७५ | १४५.४० |
| पाउन्ड स्टिर्लङ | १ को | १७१.६५ | १७२.४२ |
| स्विस फ्रैन्क | १ को | १५१.०७ | १५१.७५ |
| अस्ट्रेलियन डलर | १ को | ८७.५३ | ८७.९२ |
| क्यानाडियन डलर | १ को | ९६.५७ | ९७.०० |
| सिंगापुर डलर | १ को | ९९.४६ | ९९.९१ |
| जापानी येन | १० को | ८.६९ | ८.७३ |
| चिनियाँ युआन | १ को | १८.४२ | १८.५० |
| साउदी अरब रियाल | १ को | ३५.६३ | ३५.७९ |
| कतारी रियाल | १ को | ३६.६६ | ३६.८२ |
| थाई भाट | १ को | ३.७२ | ३.७३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.३९ | ३६.५६ |
| मलेसियन रिङेट | १ को | २८.८१ | २८.९४ |
| दक्षिण कोरियन वन | १०० को | ९.६६ | ९.७१ |
| स्विडिस क्रोनर | १ को | १२.३६ | १२.४२ |
| डेनिस क्रोनर | १ को | १९.४० | १९.४९ |
| हङकङ डलर | १ को | १७.११ | १७.१९ |
| कुवेती दिनार | १ को | ४३७.१६ | ४३९.१२ |
| बहराइन दिनार | १ को | ३५४.६० | ३५६.२० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# सुदूरपश्चिमको मुख्यमन्त्रीमा शाह नियुक्त

**सुदूरपश्चिम (प्रस)–** सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्रीमा नेपाली कांग्रेस प्रदेशसभा संसदीय दलका नेता कमलबहादुर शाह नियुक्त भएका छन् । प्रदेश प्रमुख नजिर मियाँले नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम कांग्रेस र नेकपा एमालेको समर्थनमा शाहलाई आइतबार मुख्यमन्त्रीमा नियुक्त गरेका हुन् । शाहलाई नागरिक उन्मुक्ति पार्टीको पनि समर्थन रहेको छ ।

यसअघि आइतबार नै बसेको कांग्रेस संसदीय दलको बैठकले दलका नेता शाहलाई मुख्यमन्त्रीमा अघि सार्ने निर्णय गरेको थियो । मुख्यमन्त्रीका लागि कांग्रेसभित्र दलका नेता शाहलगायत बहादुरसिंह थापा, प्रकाशबहादुर देउवा र दिवानसिंह विष्ट आकांक्षी रहेका थिए । केन्द्रको निर्देशनअनुसार शाहलाई नै मुख्यमन्त्रीमा अघि सार्ने निर्णय गरिएको कांग्रेसले जनाएको छ ।

शाह दोस्रोपटक प्रदेशको मुख्यमन्त्रीमा नियुक्त भएका हुन् । उनी वि.सं. २०७९ मा भएको आमनिर्वाचनमा कैलाली निर्वाचन क्षेत्र नं २ (क) बाट निर्वाचित भएका थिए । यसअघि २०७९ माघ २७ गते नेकपा माओवादी केन्द्र, नागरिक उन्मुक्ति पार्टी, नेकपा एकीकृत समाजवादीको समर्थनमा उनी मुख्यमन्त्री बनेका थिए । केन्द्रमा फेरिएको समीकरणसँगै माओवादी केन्द्र र एकीकृत समाजवादीले समर्थन फिर्ता लिएपछि अल्पमतमा परेका शाहले गत चैत्र २२ गते पदबाट राजीनामा दिएका थिए ।

त्यसपछि बनेको नयाँ समीकरणअनुसार गएको वैशाख ६ गते एकीकृत समाजवादी प्रदेशसभा संसदीय दलका नेता दीर्घबहादुर सोडारी मुख्यमन्त्री बनेका थिए । फेरि केन्द्रमा कांग्रेस र एमालेसहितको सत्ता गठबन्धन बनेपछि अल्पमतमा परेका सोडारीले यही साउन १८ गते पदबाट राजीनामा दिएका थिए । सोही दिन मुख्यमन्त्री नियुक्तिका लागि प्रदेश प्रमुखद्वारा आह्वान भएअनुसार आइतबार दिउँसो शाहले दाबी पेस गरेका थिए ।

# विद्युत् प्राधिकरणको सञ्चालक समितिमा कार्की र गुरुङ

**काठमाडौं (प्रस)–** नेपाल विद्युत् प्राधिकरणको सञ्चालक समितिमा देवेन्द्र कार्की र महेन्द्रबहादुर गुरुङ नियुक्त भएका छन् ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका मन्त्रीस्तरीय निर्णयबाट दोलखा तामाकोशी गाउँपालिका-२ का कार्की र ओखलढुंगा रुम्जाटार गाउँपालिका-७ का गुरुङलाई सञ्चालक समिति सदस्यमा नियुक्त गरिएको हो ।

उनीहरूलाई नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ को दफा ९ को उपदफा (३) को खण्ड (च) बमोजिम विद्युत् क्षेत्रमा विशेषज्ञता हासिल गरेका गैरसरकारी व्यक्तिबाट कार्की र विद्युत् उपभोक्तामध्येबाट गुरुङलाई सञ्चालक समितिको सदस्यमा मनोनयन गरिएको मन्त्रालयले जनाएको छ ।

ऊर्जामन्त्रीको साउन १८ गतेको निर्णयअनुसार कार्की र गुरुङलाई चार वर्षका लागि सञ्चालक समिति सदस्य पदमा मनोनीत गरिएको हो । नवनियुक्त कार्की पूर्वऊर्जा मन्त्रालयका सचिव तथा गुरुङ विद्युत् विकास विभागका पूर्वमहानिर्देशक हुन् ।

## सेन्ट्रल फाईनान्स लिमिटेड
## CENTRAL FINANCE LIMITED
*Serving Your Financial Needs*

**Head Office:** Kupondole, Lalitpur, **Tel:** 01-5970005, **Email:** info@centralfinance.com.np, **Website:** www.centralfinance.com.np

# Unaudited Financial Report (Quarterly)

## As at 4th quarter (2081/03/31) of the Fiscal Year 2080/81

### Condensed statement of financial position

As on quarter ended Asadh 2081

| ASSETS | This Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| Cash and cash equivalent | 710,410,599 | 819,902,679 |
| Due from Nepal Rastra Bank | 335,093,650 | 327,965,352 |
| Placement with Bank and Financial Institutions | - | - |
| Derivative financial instruments | - | - |
| Other trading assets | - | - |
| Loans and advances to B/FIs | 215,633,845 | 169,385,773 |
| Loans and advances to customers | 4,629,085,769 | 4,921,963,398 |
| Investment securities | 2,828,306,998 | 1,712,506,669 |
| Current tax assets | 64,524,988 | 34,192,318 |
| Investment in subsidiaries | - | - |
| Investment in associates | - | - |
| Investment property | 248,675 | 681,270 |
| Property Plant and Equipment | 190,882,175 | 207,931,677 |
| Goodwill and Intangible assets | 1,949,646 | 2,305,743 |
| Deferred tax assets | - | 6,306,430 |
| Other assets | 27,050,970 | 48,488,541 |
| **TOTAL ASSETS** | **9,003,187,315** | **8,251,629,850** |
| **LIABILITIES** | **This Quarter Ending** | **Immediate Previous Year Ending** |
| Due to Bank and Financial Institutions | 194,115,795 | 197,748,634 |
| Due to Nepal Rastra Bank | - | - |
| Derivative financial instruments | - | - |
| Deposits from customers | 7,507,392,023 | 6,755,855,320 |
| Borrowing | - | - |
| Current Tax Liabilities | - | - |
| Provisions | - | - |
| Deferred tax liabilities | 17,367,489 | - |
| Other liabilities | 91,885,427 | 96,957,881 |
| Debt securities issued | - | - |
| Subordinated Liabilities | - | - |
| **TOTAL LIABILITIES** | **7,810,760,734** | **7,050,561,835** |
| **EQUITY** | **This Quarter Ending** | **Immediate Previous Year Ending** |
| Share Capital | 948,875,459 | 948,875,459 |
| Share premium | 442,546 | 442,546 |
| Retained Earnings | (116,668,042) | (2,886,923) |
| Reserves | 359,776,617 | 254,636,933 |
| **TOTAL EQUITY ATTRIBUTABLE TO EQUITY HOLDERS** | **1,192,426,580** | **1,201,068,015** |
| **NON-CONTROLLING INTEREST** | | |
| **TOTAL EQUITY** | **1,192,426,580** | **1,201,068,015** |
| **TOTAL LIABILITIES & EQUITY** | **9,003,187,315** | **8,251,629,850** |

### Condensed statement of profit or loss

For the quarter ended Asadh 2081

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter (YTD) | This Quarter | Upto This Quarter (YTD) |
| Interest income | 208,164,815 | 882,751,023 | 241,064,838 | 928,731,201 |
| Interest expense | 157,338,328 | 651,418,908 | 175,808,889 | 670,399,761 |
| **Net interest income** | **50,826,487** | **231,332,115** | **65,255,949** | **258,331,440** |
| Fee and commission income | 9,128,420 | 21,859,092 | 5,492,013 | 21,334,593 |
| Fee and commission expense | - | - | - | - |
| **Net fee and commission income** | **9,128,420** | **21,859,092** | **5,492,013** | **21,334,593** |
| **Net interest, fee and commission income** | **59,954,907** | **253,191,207** | **70,747,962** | **279,666,033** |
| Net trading income | - | - | - | - |
| Other operating income | 994,176 | 4,291,738 | (2,031) | 1,375,578 |
| **Total operating income** | **60,949,083** | **257,482,944** | **70,745,931** | **281,041,611** |
| Impairment charge/(reversal) for loans and other losses | 24,993,806 | 166,750,911 | (4,243,570) | 53,949,056 |
| **Net operating income** | **35,955,277** | **90,732,034** | **74,989,501** | **227,092,555** |
| **Operating expense** | - | | - | |
| Personnel expenses | 20,478,181 | 86,053,125 | 27,734,082 | 90,092,538 |
| Other operating expenses | 13,547,706 | 50,094,557 | 1,675,735 | 41,701,723 |
| Depreciation & Amortization | 5,258,896 | 20,485,376 | 15,199,189 | 30,979,488 |
| **Operating Profit** | **(3,329,505)** | **(65,901,024)** | **30,380,495** | **64,318,806** |
| Non operating income | 1,213,115 | 2,482,758 | 104,718 | 263,189 |
| Non operating expense | 279,324 | 462,316 | 10,243,759 | 10,243,759 |
| **Profit before income tax** | **(2,395,714)** | **(63,880,581)** | **20,241,454** | **54,338,236** |
| Income tax expense | - | | - | |
| Current Tax expenses | - | - | 11,464,389 | 21,693,424 |
| Deferred Tax Expenses/(Income) | - | - | (8,537,505) | (8,537,505) |
| **Profit for the period** | **(2,395,714)** | **(63,880,581)** | **17,314,570** | **41,182,317** |

### Condensed statement of comprehensive income

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter (YTD) | This Quarter | Upto This Quarter (YTD) |
| **Profit for the year** | **(2,395,714)** | **(63,880,581)** | **17,314,570** | **41,182,317** |
| Gains/(Losses) from investments in equity instruments measured at fair value | 21,665,144 | 78,913,066 | 42,880,746 | (1,820,962) |
| Gains/(Losses) on revaluation | | - | - | - |
| Actuarial gain/(loss) on defined benefit plans | | - | (3,762,215) | (3,762,215) |
| Income tax relating to above terms | (6,499,543) | (23,673,920) | (11,735,560) | 1,674,953 |
| **Net other comprehensive income that will not be reclassified to profit or loss** | **15,165,601** | **55,239,146** | **27,382,971** | **(3,908,224)** |
| **Other comprehensive income for the year, net of income tax** | **15,165,601** | **55,239,146** | **27,382,971** | **(3,908,224)** |
| **Total comprehensive income for the period** | **12,769,887** | **(8,641,436)** | **44,697,541** | **37,274,093** |
| **Basic earnings per share** | | | - | |
| **Diluted earnings per share** | | | - | |
| **Total comprehensive income attributable to:** | | | - | |
| **Equity holders of the bank** | **27,170,598** | **(8,641,436)** | **44,697,541** | **37,274,093** |
| **Non-controlling interest** | | - | - | - |
| **Total comprehensive income for the period** | **27,170,598** | **(8,641,436)** | **44,697,541** | **37,274,093** |

### Ratio as per NRB directive

| Particulars | Current year | | Previous year Corresponding | |
|---|---|---|---|---|
| | This quarter | Upto this quarter (YTD) | This quarter | Upto this quarter (YTD) |
| Capital fund to RWA | | 16.98% | | 17.73% |
| Non-performing loan (NPL) to total loan | | 8.77% | | 4.77% |
| Total loan loss provision to Total NPL | | 82.68% | | 79.37% |
| Cost of Funds | | 7.95% | | 10.05% |
| Credit to Deposit Ratio | | 65.08% | | 74.44% |
| Base Rate | | 10.38% | | 13.01% |
| Interest Rate Spread | | 4.53% | | 4.59% |

### Statement of distributable profit or loss

| Particulars | Ashad End 2081 | Ashad End 2080 |
|---|---|---|
| **Net profit or (loss) as per statement of Profit or loss** | (63,880,581) | 41,182,317 |
| ***Appropriations:*** | | |
| a. General reserve | - | (8,236,463) |
| b. Foreign exchange fluctuation fund | - | - |
| c. Capital redemption reserve | - | - |
| d. Corporate social responsibility fund | - | (411,823) |
| e. Employees' training fund | (1,873,458) | (1,686,267) |
| f. Other | 1,025,500 | 3,141,496 |
| **Profit or (loss) before regulatory adjustment** | **(64,728,539)** | **33,989,260** |
| ***Regulatory adjustment :*** | | |
| a. Transferred to Regulatory Reserve | (55,631,545) | (40,082,633) |
| b. Transferred from Regulatory Reserve | 6,578,965 | |
| **Net Profit for the Quarter Ended Asadh available for distribution** | **(113,781,120)** | **(6,093,373)** |
| **Opening Retained Earning** | **(2,886,923)** | **50,650,223** |
| Adjustment(+/-) | | |
| Distribution | | |
| Bonus Share issued | | |
| Cash Dividend Paid | | (47,443,773) |
| **Total Distributable profit or (loss) as on Quarter End date** | **(116,668,042)** | **(2,886,923)** |
| Annualised Distributable Profit/Loss per share | -12.30% | -0.30% |

**Notes:**

1. Above Financial Statements are prepared in accordance with the Nepal Financial Reporting Standards (NFRS) and certain carve -outs.
2. Following alternative treatment has been implied by the financial institution with respect to the Carve-out published by the Institute of Chartered Accountants of Nepal:
   a. The financial institution has not restated the figures relating to corresponding quarter of the previous year.
   b. The financial institution recognized impairment of loans and advances at higher of loan loss provision required as per the directives issued by Nepal Rastra Bank and impairment amount determined as per Para 63 of NAS 39.
   c. The financial institution has not recognized interest income on loans and advances based on the effective interest rate due to impracticability of determination of transaction cost. All such costs have been directly charged off to Statement of profit or loss.
3. Figures presented above may vary with the audited figures as per the instruction or requirement of the banking regulator and/or statutory auditor.
4. Loans and advances are presented net of impairment charges and includes staff loans and advances.
5. Personnel expenses includes provision for staff bonus which has been calculated as per provision of Bonus Act and amortization of the deferred employee benefits of subsidized loans provided to employees.
6. Figures are regrouped and reclassified wherever necessary.
7. A detailed interim financial report has been published in the financial institution's website https://www.centralfinance.com.np

### आ. व. २०८०/८१ को चौथो त्रैमासिक प्रतिवेदन

(धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १४ नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

**१. वित्तीय विश्लेषण:**

क) (१) यस त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।
(२) यस संस्था र तोकिए बमोजिम सम्बन्धित पक्षबीच कुनै कारोबार नभएको ।

ख) २०८१ आषाढ मसान्तमा यस संस्थाको प्रमुख वित्तीय अनुपातहरु निम्नानुसार रहेको छ ।
**१)** प्रति शेयर आम्दानी रु. -६.७३ (वार्षिक) **२)** मूल्य आम्दानी अनुपात रु. -७९.०५ **३)** प्रति शेयर नेटवर्थ रु. १२५.६७
**४)** प्रतिशेयर कूल सम्पत्तिको मूल्य रु. ९४८.८३ **५)** तरलता अनुपात ४३.८४

**२. व्यवस्थापकीय विश्लेषण:**

क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएनभएको सोको प्रमुख कारण सम्बन्धी विवरण: यस त्रैमासिक अवधिमा वित्तीय बजारमा तरलताको संकट देखिए तापनि संस्थाले उचित तरलता कायम राख्दै कारोबार संचालन गरेको छ । साथै संस्थाको आम्दानी सन्तोषजनक रुपले वृद्धि भएको छ ।

ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण:
संस्थाको स्रोत संकलन र परिचालनको दायरा अझ फराकिलो बनाउन काठमाण्डौ उपत्यकाबाहिर शाखा कार्यालय विस्तार गरी सेवा विस्तार गर्ने, संस्थाको कारोबारलाई आधुनिकीकरण गर्ने र संस्थाका Stakeholder का प्रत्यक्ष चासोका विषयमा योजनावद्ध रुपमा कार्य गरी समग्र रुपमा शेयरधनीको हित अभिवृद्धि (Value Maximization of Shareholder) तर्फ व्यवस्थापन कटिबद्ध रहेको छ ।

ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण विगतको अनुभव तथा वर्तमान परिस्थितिलाई मध्यनजर गर्दा यस अवधिमा वित्तीय बजारमा तरलताको अभाव रहे तापनि यस संस्थाको मौज्दात, आम्दानीमा आशानुकुल वृद्धि भएको छ भने यस संस्थाले तरलताको उचित व्यवस्थापन गरेको छ ।

**३. कानुनी कारवाही सम्बन्धी विवरण:**

क) उल्लेखित त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएका भए : यस त्रैमासिक अवधिमा यस संस्था वा संस्था विरुद्ध कुनै मुद्दा मामिला नरहेको ।

ख) यस संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा मामिला नरहेको ।

ग) यस संस्थाको संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा मामिला नरहेको ।

**४. संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:**

क) धितोपत्र बजारमा सूचीकृत रहेको यस बैंकको शेयरको कारोबार मूल्य खुल्ला बजार निर्धारण गर्ने भएकोले यस सम्बन्धमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

ख) समीक्षा अवधिमा शेयरको अधिकतम, न्यूनत्तम र अन्तिम मूल्य, कुल कारोबार भएको दिन र कुल कारोबार भएको संख्या र शेयर विवरण देहाय बमोजिम रहेको छ ।
**१)** शेयरको अधिकतम मूल्य : रु. ५५८ **२)** शेयरको न्यूनत्तम मूल्य : रु. ३५४ **३)** शेयरको अन्तिम मूल्य : रु. ५३२
**४)** कारोबार भएको कूल दिन : ६१ **५)** कारोबारको संख्या : २३०५०

**५. समस्या र चुनौतीहरु:**

हाल बजारमा व्याप्त निक्षेपको बढ्दो व्याजदर प्रतिस्पर्धा र पूँजी विस्तार लगायतका कारणले बैंकिङ्ग क्षेत्रले अपेक्षित प्रतिफलदर कायम राख्न ठूलो चुनौती थपिएको देखिन्छ भने निक्षेपको वृद्धिदर कर्जा सापटको भन्दा कम रहँदा तरलता संकुचनले थप लगानी विस्तारमा अंकुश लागेको देखिन्छ । यद्यपी यस संस्थाले यस चुनौतीलाई स्वाभाविक, सहज रुपमा लिंदै योजना अनुरुपको लक्ष्य हासिल गर्नेमा विश्वस्त रहेको छ ।

**६. संस्थागत सुशासन:**

संस्थागत सुशासन स्वनिर्देशित हुनुपर्ने मान्यतामा व्यवस्थापन विश्वास गर्दछ । नियमनकारी निकायहरुद्वारा जारी निर्देशनहरु तथा प्रचलित ऐन कानुनहरुको संस्थाले सदैव पालना गर्दै आएको छ ।

**७. सत्यतथ्य सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण:**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोषण गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित गर्नुपर्ने र निर्णय लिन आवश्यक पर्ने कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

## गोले हाउजिङ्ग एण्ड कन्स्ट्रक्सन प्राइभेट लिमिटेड
### स्वेच्छाले खारेज गर्ने बारेको लिक्वीडेटरको सूचना

नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७४।०१।१३ मा दर्ता भएको र.नं. १६७५५९/०७३/०७४ को **गोले हाउजिङ्ग एण्ड कन्स्ट्रक्सन प्राइभेट लिमिटेड**को मिति २०८१/०४/१६ मा बसेको विशेष साधरणसभाबाट यस कम्पनीलाई कम्पनी ऐन २०६३ को दफा १२६(१) को व्यवस्था अनुरूप स्वेच्छाले खारेज गर्ने निर्णय गरी मलाई लिक्विडेटर नियुक्त गरेकोले यस कम्पनीसँग कोहि व्यक्ति, संस्था, कम्पनीको केहि लिनु वा दिनुपर्ने कुनै दावि भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो दावि र सो दाविलाई प्रमाणित गर्ने कागज प्रमाण सहित तपशिल बमोजिमको ठेगानामा दावि पेश गर्नु हुन सुचित गरिन्छ सो अवधिभित्र कुनै दावि पर्न नआएमा वा उक्त अवधि पश्चात् कुनै दावि पर्न आएमा सो माथि कुनै कारवाही नहुने व्यहोरा पनि यसै सूचनाद्धारा सुचित गरिन्छ ।

**लिक्वीडेटर**
**अधिवक्ता गणेश दाहाल**
**इजाजत प्र. प. न.:- ५०९**
**फोन नं. ९८५१०८६८४१, काठमाडौं**

## मोटरसाइकल हरायो

मिति २०८१/०४/१४ गते, करिब ३:३० देखि ५:३० बजे विचमा, ना.न.पा-३, हलचोक सशस्त्र प्रहरी हेडक्वाटर अगाडी पार्किङ गरीराखेको बा. प्र. ०२-०४९ प २५१२ नम्बरको पल्सर 220 C.C. निलो कालो रङको मोटरसाईकल हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरीदिनु होला।

नाम: **स्टार अटो ईन्टरप्राइेजेज प्रा.लि**
ठेगाना : का.जि.ना.न.पा-३ ठूलो भऱ्याङ
फोन : 9864865987
च्या.नं. : MD2A13EX8NCM86551
ई.नं. : DKXCNM40690

## श्री हरिशरण बुढाथोकीको नाममा १५ दिने सूचना

का.जि., का.म.न.पा, वडा नं. ६ सरस्वतीनगरमा श्री मिसल मगरको नाममा रहेको कित्ता नं. २०६ को घरमा मिति २०८०/०३/०२ देखि श्री हरिशरण बुढाथोकी र निजको दुई छोरा भाडामा बस्दै आएकोमा मिति २०८० फागुन महिना देखि भाडा रकम नबुझाएको र निज हरिशरण बुढाथोकी सम्पर्कमा नआएको हुदाँ बुझाउनु पर्ने भाडा रकम बुझाउनु भई घर खाली गरी दिनु होला अन्यथा प्रचलित कानुन बमोजिम कारबाही हुने जानकारीको लागि यो सूचना प्रकाशित गरिएको हो ।

वारेश-अवि थापा मगर
का.म.न.पा. ४

## लिलाम बिक्रीको सूचना

प्रथम प्रकाशित मिति २०८१/४/२१

यस सा.व.उ.स. बाट संकलित गोलिया काठ ३७२.६१ क्युफिट र साल दाउरा २ चट्टा लिलाम विक्री गर्नुपरेकाले सूचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीका लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

**अकला सा.वन उपभोक्ता समूह**, व्यास ६, तनहुँ

## नाम परिवर्तन सम्बन्धी सूचना

यस कम्पनीको मिति २०८१/०४/१३ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी (**सयपत्री लजिष्टिक** प्रा.लि.) को नामबाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्नं व्यहोर्नु पर्ने कर दायित्व तिर्ने व्यहोर्ने गरी परिवर्तित नाम **"सयपत्री इम्पोरियम** प्रा.लि.(प्रा. लि. नं. २०५३३२)" कायम भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## नाम परिवर्तन सम्बन्धी सूचना

यस कम्पनीको मिति २०८१/०३/१८ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी (National Electric & Building Solutions प्रा.लि.) को नामबाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्नं व्यहोर्नु पर्ने कर दायित्व तिर्ने व्यहोर्ने गरी परिवर्तित नाम "National Electric And Building Solution प्रा.लि.(प्रा. लि. नं. ६४०५२)" कायम भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## ARANIKO OVERSEAS PVT. LTD को सार्वजनिक सूचना

वैदेशिक रोजगार सञ्चालन गर्न श्रम इजाजत नं. २६७/०५८/०५९ को यस **ARANIKO OVERSEAS PVT. LTD.** ले आर्थिक वर्ष २०८०/०८१ मा विभिन्न देशहरुमा तपशिल बमोजिमका संख्यामा कामदार पठाएको सूचना सार्वजनिक गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | कामदार पठाएको देश | कामदारको संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| १ | साउदी अरब | १३६ | ० | १३६ |
| २ | कुवेत | ०३ | ० | ०३ |
| ३ | कतार | ० | ०३ | ०३ |
| कुल जम्मा | | १३९ | ०३ | १४२ |

**ARANIKO OVERSEAS PVT. LTD.**
Kupondole (Opposite Hotel Himalaya), Kathmandu, Nepal.
Tel: +977 1 5455365/5010657/5010658, Email: infoaraniko267@gmail.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### संकटोन्मुख सामुदायिक विद्यालय

सरकारले सामुदायिक (सरकारी) विद्यालयको सुधारका लागि भन्दै बर्सेनि ठूलो रकम खर्च गर्दै आएको छ । गैरसरकारी क्षेत्रबाट पनि पहल भइरहेकै छ । तर, नतिजा ठीक उल्टो आइरहेको छ । सामुदायिक विद्यालयमा विद्यार्थीको संख्या निरन्तर घट्दै गएको तथ्यांकले पनि यसलाई पुष्टि गर्छ । यद्यपि, शैक्षिक गुणस्तरका कारण मात्रै विद्यार्थी संख्या घटेको नभई अन्य कारणले पनि यसमा प्रभाव पारेको देखिन्छ । घट्दो जनसंख्या, बढ्दो बसाइसराइँ र सहरी क्षेत्रमा निजी विद्यालयको प्रभावले पनि सामुदायिक विद्यालयको विद्यार्थी संख्या घटाउँदै लगेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले हालै सार्वजनिक गरेको शैक्षिक सूचना, २०८० मा उल्लेख गरिएको छ ।

यो प्रतिवेदनअनुसार मुलुकका ५० प्रतिशतभन्दा बढी सामुदायिक विद्यालयमा १०० भन्दा कम विद्यार्थी हुन पुगेका छन् । प्रतिवेदनमा १०० भन्दा कम विद्यार्थी भएका सामुदायिक विद्यालयको संख्या १५ हजार ९६५ रहेको उल्लेख छ । उक्त संख्या कूल सामुदायिक विद्यालयको संख्या (२७ हजार ९९०) को ५७.०३ प्रतिशत हो । आर्थिक वर्ष २०७६/७७ मा १०० भन्दा कम भएका सामुदायिक विद्यालयको संख्या १४ हजार रहेकामा विद्यालय समायोजन (मर्ज) को नीतिसमेत सञ्चालन भएको स्थितिमा हाल कम विद्यार्थी भएका विद्यालयको संख्या झन् बढेको देखिएको छ ।

सयदेखि ५०० सम्म विद्यार्थी भएका सामुदायिक विद्यालय नौ हजार ७०४, ५०१ देखि एक हजारसम्म विद्यार्थी भएका सामुदायिक विद्यालय एक हजार ६३६, एक हजार एकदेखि १५ सयसम्म विद्यार्थी भएका सामुदायिक विद्यालय ४० ९, एक हजार ५०१ देखि दुई हजारसम्म विद्यार्थी भएका सामुदायिक विद्यालय १३६ र दुई हजारभन्दा बढी विद्यार्थी भएका सामुदायिक विद्यालयको संख्या मात्र १०० रहेको छ । हाल २७ हजार ९९० सामुदायिक र सात हजार ८८६ संस्थागत (निजी) गरी कूल ३५ हजार ८७६ विद्यालय (आधारभूत तहदेखि कक्षा १२ सम्म) छन् । वि.सं. २०७९ मा सामुदायिक, संस्थागत र धार्मिक विद्यालय गरी ३६ हजार ५०२ विद्यालय रहेका थिए ।

शिक्षा, विकास तथा मानव स्रोत विकास केन्द्रको आँकडाअनुसार २०८० सालमा सामुदायिक र संस्थागत दुवैमा गरी आधारभूत तह कक्षा ५ सम्म १७ हजार ६१७, आधारभूत तह कक्षा ८ सम्म छ हजार ७६७, माध्यमिक तह कक्षा १० सम्म छ हजार ६७२ र माध्यमिक तह कक्षा १२ सम्म चार हजार ८२० विद्यालय रहेका छन् । सामुदायिक विद्यालयको यो अवस्थालाई गम्भीररूपमा लिन जरुरी छ । सरकारको शैक्षिक नीति प्रभावकारी बन्न नसकेको यो तथ्यांकले प्रस्ट देखाउँछ । सामुदायिक विद्यालयलाई यो संकटबाट बचाउन तत्काल आवश्यक कदम चालियोस् ।

# इतिहासका मूर्धन्य व्यक्तित्व : तुलसीराम वैद्य



■ प्रा.डा. विष्णु सापकोटा

> प्राध्यापक डा. वैद्य आफ्नो जीवनकालमा नै एक सफल प्राध्यापक थिए । उनले नेपाली इतिहासका विज्ञ भएकाले नेपाली इतिहास लेखनको राजनीतिक, प्रशासनिक, सैनिक, आर्थिक, धार्मिक र सांस्कृतिक क्षेत्रमा दखल राखी तथ्यका आधारमा सही मूल्यांकन गरी इतिहास तयार पारे । उनीबाट लेखिएका पुस्तक र लेखहरू भविष्यका पुस्ताका लागि सम्झनलायक सामग्रीका रूपमा रहेका छन् ।

त्रिभुवन विश्वविद्यालय इतिहास केन्द्रीय विभागको विभागीय प्रमुखदेखि लुम्बिनी बौद्ध विश्वविद्यालयको उपकूलपतिसमेत रहिसकेका इतिहास विषयका प्राध्यापक डाक्टर तुलसीराम वैद्य एक बौद्धिक व्यक्तित्व हुन् । १९९६ फागुन १७ गते काठमाडौंको बौद्धिक परिवारमा जन्मिएका प्रा.डा. वैद्यलाई स्कुल जीवनदेखि नै इतिहास विषयको अध्ययनमा रुचि जागेको थियो ।

अत्यन्तै सरल, शालीन, मृदुभाषी, सुसंस्कृत सभ्य तथा दयालु स्वभावका प्रा.डा. वैद्य इतिहासका विषयमा नै अध्ययन-अनुसन्धान तथा प्रकाशन गर्ने कार्यमा निरन्तर लागिरहे । यस विषयको आवश्यकता र महत्त्व ठानेर उनले आफ्ना शोधार्थी विद्यार्थीलाई प्रेरणा दिइरहन्थे । वैद्य सर नेपाली इतिहास विधाका एक प्रतिष्ठित मूर्धन्य विद्वान थिए । इतिहासको क्षेत्रमा उनले पुऱ्याएको योगदानले राष्ट्रिय/अन्तरराष्ट्रिय क्षेत्रमा नेपालको इतिहास लेखन विधा अगाडि बढेको थियो । उनले गरेको अध्ययन अनुसन्धान अन्वेषण तथा उनबाट प्रकाशित कृतिहरूलाई सबैले चर्चा गरेका छन् । कतिपय विद्वानले उनलाई एक सबल अनुकरणीय प्राध्यापकका रूपमासमेत चर्चा गरेका छन् ।

उनले भन्ने गर्थे, 'आफ्नो जीवनको अमूल्य सम्पत्ति एवं आर्जन नै मेरा विद्यार्थी हुन् ।' त्रिविको प्राध्यापन सेवामा काम गर्ने विद्यार्थीले विद्यावारिधि नगरी हुन्न भन्ने वास्तविकता बोध गराई शोधार्थीलाई हौसला प्रेरणा दिएर कुशल पथप्रदर्शक बनी आफ्नै निर्देशनमा २२ जना शोधार्थीलाई विद्यावारिधि गराए । नेपालमा राष्ट्रिय इतिहास लेखन कार्य गर्नुपर्दछ भनी आवाज उठाइरहने वैद्य सरले आफ्नो जीवनकालमा नेपालकै अधिकांश इतिहाससम्बन्धी जर्नलहरू, पत्रपत्रिका, अनुसन्धानात्मक जर्नलहरूमा करिब ९० भन्दा बढी इतिहास विषयका साधारण अनुसन्धानात्मक लेखहरू प्रकाशित गरिसकेका छन् ।


उनले नेपालको इतिहास विषयमा अध्ययन गर्ने शोधार्थी, विद्यार्थी र नेपालको इतिहासबारे जानकारी राख्ने पाठकलाई इतिहास विषयका पुस्तकको अभाव भएको महसुस गरी अनुसन्धान गरी अंग्रेजी तथा नेपाली भाषामा एक्लै एक दर्जनभन्दा बढी पुस्तक प्रकाशन गरेका छन् । उनले लेखेका पुस्तकहरू प्रायःजसो अनुसन्धानात्मक रहेका छन् । ती पुस्तकहरूमा एडभान्स हिस्ट्री अफ नेपाल, पृथ्वीनारायण शाहः फाउन्डर अफ मोडर्न नेपाल, जयप्रकाश मल्ल, किङ् अफ कान्तिपुर, डा. आर रेग्मीः एज अ हिस्टोरियन एन्ड एसिसमेन्टजस्ता छन् । ती पुस्तकहरू इतिहासकार तथा पाठक, शोधार्थी तथा विद्यार्थीका लागि महत्त्वपूर्ण सामग्रीका रूपमा रहेका छन् ।

वैद्य सरले नेपालको इतिहासको अध्ययन गर्न चाहने पाठक, विद्यार्थी, शोधार्थीका लागि सहज होस् भनी नेपालको इतिहासका समग्र जानकारी दिने अवधारणाले स्थलगत अध्ययन र अनुसन्धान गरी नेपाली भाषामा करिब एक दर्जनभन्दा बढी पुस्तक संयुक्तरूपमा प्रकाशित गरेको छ । तीमध्ये केही महत्त्वपूर्ण पुस्तकहरूमा भक्तपुर राजदबारको इतिहास, आधुनिक नेपालको इतिहासका केही पानाहरू, गोरखा राज्यको स्थापना, द्रव्य शाहको ऐतिहासिक कार्य, मध्यकालीन नेपालको प्रशासनिक इतिहास, आधुनिक नेपालको रजानीतिक इतिहास, नेपालको सैनिक इतिहास, नेपाल प्रहरीको इतिहास, गोरखाको ऐतिहासिक सामग्री, रणजीत मल्लकालीन कागजपत्र, नेपाल स्टडी अफ सोसियो इकोनोमिक एन्ड पोलिटिकल चेञ्ज, नेपालको राजनीतिक इतिहासहरू हुन् । उनको यी पुस्तकबाट नेपालको मध्यकालदेखि आधुनिककालसम्मको इतिहास लेखनमा भएका कमीकमजोरी हटाउने कामसमेत गरेको छ । यसले स्वदेशी तथा विदेशी लेखकहरूलाई समेत त्यसबेलाका बारेमा जानकारी गराउने महत्त्वपूर्ण पुस्तकहरू पाठकमाझ पस्केर नेपालको इतिहास लेखनमा नयाँ आयाम थपेका छन् ।

उनले अध्ययन गर्ने समयमा नेपालमा एमए तहको पढाइ नहुने भएकाले नेपालका क्याम्पसबाट बिएको अध्ययनपश्चात् एमए इतिहास पढ्न भारतको अलहावाद गए । अलाहवाद विश्वविद्यालयबाट एमएको अध्ययन पूरा गरी नेपाल फर्किए । नेपालमा भर्खरैमात्र त्रिविको स्थापना भएको थियो । उनी प्राज्ञिक पेसामा संलग्न भई २०१७ सालदेखि दरबार कलेजबाट इतिहास विषयको अध्यापन कार्यमा संलग्न भए । त्यसपछि क्रमशः इतिहास केन्द्रीय विभागमा प्राध्यापन गर्ने काम आरम्भ गरे ।

समयको अन्तरालसँगै इतिहास विषयमा अध्ययन/अनुसन्धान गर्नुपर्ने आवश्यकता ठानी आफ्नो ज्ञानको क्षितिजलाई बढाउन सो विषयमा शोध गर्नुपर्ने आवश्यकता बुझी सोही विषयमा अनुसन्धान गरी भारतको अलाहवाद विश्वविद्यालयबाट सन् १९७४ मा विद्यावारिधिको उपाधि हासिल गरे । विद्यावारिधिपश्चात् इतिहासका विविध विषयमा अनुसन्धान गर्ने, अनुसन्धानात्मक लेखहरू, पुस्तकहरू लेख्ने र प्रकाशन गर्ने, प्राध्यापन गर्ने, इतिहास लेखनमा भएका कमजोरीलाई हटाउने कार्यमा लागिरहे ।

इतिहास सत्यतथ्य घटना र विवरणको संकलन र विश्लेषण हो । विगत तथा वर्तमानमा घटेका घटनाहरूको सम्बन्ध मानवका विगतका घटना र वर्तमानका क्रियाकलाप तथा राष्ट्रको भविष्यसँग जोडिएको हुन्छ । यसर्थ इतिहास विषयको अध्ययनलाई विज्ञानको अध्ययनसमेत भनिन्छ । इतिहासकारको लक्ष्य नै वैज्ञानिक दृष्टिकोणबाट अध्ययन तथा अनुसन्धान गरी सत्यतथ्य इतिहास जनसमक्ष ल्याउनु हो । वैद्य सरले यही कार्यलाई निरन्तरता दिए ।



प्रा.डा. वैद्य बहुमुखी विद्याका व्यक्तित्त्व थिए । उनले इतिहास विषयको अनुसन्धान एवं प्रकाशन कार्यमात्र नभएर त्रिभुवन विश्वविद्यालयका विभिन्न प्राज्ञिक एवं प्रशासनिक विद्यामासमेत आफूलाई समर्पण गरे । खासगरी उनले त्रिवि राष्ट्रिय विकास सेवाको निर्देशक, इतिहास केन्द्रीय विभागको चारपटक विभागीय प्रमुख, विश्वविद्यालय क्याम्पसको सदस्यसचिव (क्याम्पस प्रमुख), त्रिवि मानविकी संकायको डिन, त्रिविको परीक्षा नियन्त्रक तथा लुम्बिनी बौद्ध विश्वविद्यालयको उपकूलपतिजस्ता प्राज्ञिक पदमा बसेर आफ्नो कार्यकालमा कुशलतापूर्वक जिम्मेवारी निभाएका थिए । यीबाहेक अन्य विद्यालय तथा सामाजिक संघसंस्थामा आबद्ध भई ती संस्थाहरूलाई संस्थागतरूपमा सबल बनाउन निरन्तर लागिरहे ।

उनी इतिहास विषयको विषय समिति, प्राज्ञिक परिषद् तथा विश्वविद्यालयका विभिन्न प्राज्ञिक निकायहरूमा अनुसन्धानविज्ञ भई निरन्तर कार्य गरिरहे भने इतिहास विषयमा अध्ययन/अनुसन्धान गरी इतिहासका प्राध्यापकको हितमा कार्य गर्दै आएको इतिहास संघको संस्थापक अध्यक्ष भई निरन्तररूपमा संघलाई अगाडि बढाउन लागे । प्रा.डा. वैद्यले इतिहास शिरोमणि बाबुराम आचार्य स्मृति प्रतिष्ठानको अध्यक्षको जिम्मेवारी सम्हालेका थिए । त्रिविअन्तर्गतका सबैभन्दा धेरै शोधार्थीलाई विद्यावारीधि गराउन सफल वैद्य सरले एसियाका इतिहासकारहरूको अन्तर्राष्ट्रिय सम्मेलनमासमेत नेपालको प्रतिनिधित्व गरेका थिए ।

उनको सबैभन्दा महत्त्वपूर्ण गुण भनेकै सधैं सिर्जनशील, धैर्यवान्, जिज्ञासु र खोज कार्यमा क्रियाशील रहिराख्नु नै हो । अझ एक सबल प्राध्यापकका रूपमासमेत उनी परिचित भएका थिए । उनी सधैं नै आफ्ना विद्यार्थीलाई एमएको अध्ययनपश्चात् अनुसन्धानमा लागेर विद्यावारिधि गर्न अभिप्रेरित गरिरहन्थे । चाहे आफ्ना समकालीन साथी हुन् वा विद्यार्थी, सबैलाई विद्यावारिधि गर्नुपर्दछ, पुस्तक प्रकाशन गर्नुपर्छ भनिरहन्थे । उनले यस आलेखका लेखकलाई समेत एमएको अध्ययनपछि त्यसै विभागमा इतिहास विषयको प्राध्यापन गर्ने कार्यमा संलग्न गराए । उनको प्रेरणाले आज यस आलेखका लेखक स्वयं इतिहासको प्राध्यापकको रूपमा स्थापित भएको छु । उनकै प्रेरणा पाई अन्य मेरा गुरुवर्गले पनि अनुसन्धान गर्ने प्रेरणा दिइरहेका थिए ।

प्राध्यापक वैद्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाबाट आयोजित सेमिनार, गोष्ठीहरूमा कार्यपत्र प्रस्तुत गर्ने र ती गोष्ठीमा नेपालको इतिहास लेखन विधामा नयाँ परिवर्तन ल्याउने कार्यमा लागे । भारतका केही विश्वविद्यालयका शोधार्थीहरूको विद्यावारिधिको शोधपत्रको मूल्यांकन, भारतका केही विश्वविद्यालयमा नेपालको इतिहास लेखन प्राध्यापन अनुसन्धान गर्ने तौरतरिकाको जानकारी गराउनु र नयाँ विषयको खोज र अनुसन्धानलाई नेपालमासमेत ल्याउन सफल बने । त्रिविको थुप्रै इतिहास विषयका शोधार्थीको शोधपत्रको मूल्यांकनको जिम्मेवारी लिई महत्त्वपूर्ण बौद्धिक सुझाव दिइरहे । उनको अत्यन्तै सरल स्वभावले आफ्ना शोधार्थी तथा समकालीन साथीहरूलाई सधैं नै विनयशीलता बनी आफ्नो घरमा होस् या कार्यालयमा भेट्न आउँदा इतिहास विषयको जिज्ञासा राख्ने साथीभाइ र शोधार्थीलाई झर्को नमानी सधैं ज्ञान बाँडिरहे ।

प्राध्यापक डा. वैद्य आफ्नो जीवनकालमा नै एक सफल प्राध्यापक थिए । उनले नेपाली इतिहासका विज्ञ भएकाले नेपाली इतिहास लेखनको राजनीतिक, प्रशासनिक, सैनिक, आर्थिक, धार्मिक र सांस्कृतिक क्षेत्रमा दखल राखी तथ्यका आधारमा सही मूल्यांकन गरी इतिहास तयार पारे । उनीबाट लेखिएका पुस्तक र लेखहरू भविष्यका पुस्ताका लागि सम्झनलायक सामग्रीका रूपमा रहेका छन् । उनले आफ्ना शिष्यहरूको आत्मबल बढाउन तथा शैक्षिक क्षेत्रलाई उन्नतशील बनाई आफ्नो पहिचान गराउन शोधकार्यमा अग्रसर हुन र पुस्तक लेखन तथा शैक्षिक क्षेत्रमा उन्नति गर्न सधैं प्रोत्साहित गरिराखे ।

इतिहास तयार पार्दा नयाँ कुरा दिन सक्नुपर्दछ भन्ने उनको तर्क थियो । जहिले पनि इतिहास लेख्दा सत्यतथ्य घटनाका आधारमा तयार पार्नुपर्दछ भन्ने आफ्ना चेलाहरूलाई सम्झाउँथे । सच्चा अनुसन्धानकर्ताले सधैं साँचो लेख्न र बोल्न डराउनु हुँदैन भनेर प्रोत्साहन दिइरहने वैद्यले कसैको लोभलालचमा परेर प्रमाणविनाको इतिहास तयार पार्‍यो भने राष्ट्रको नै इतिहास बिग्रिन्छ भन्ने गर्थे र उनका लेखनमा यो कुरा झल्किने गरेकाले साँच्चिकै लेखनमा निडरता र तथ्यमा आधारित कुरामात्र लेख्ने बोल्ने उनको बानी नै थियो । इतिहास विषयमा अनुसन्धान गर्दागर्दै केही समय रोगले च्याप्यो र बिरामी परे । बिरामीकै अवस्थामा उनको दुखान्त निधन तुलसी रोप्ने दिन नै अर्थात् २०८१ साल साउन २ गते काठमाडौंमा भयो । उनको निधनबाट त्रिवि इतिहास केन्द्रीय विभाग र अन्य सामाजिक प्राज्ञिक संघसंस्था तथा राष्ट्रले नै एक होनाहार सशक्त इतिहासकार तथा इतिहासको विद्यार्थीका लागि आफ्ना अभिभावक गुमाएको छ । *रासस*

*(लेखक इतिहास केन्द्रीय विभाग, त्रिवि कीर्तिपुरका विभागीय प्रमुख हुन्)*

## मनन्योग्य

### चाणक्य नीति

चाणक्य र चन्द्रगुप्तको बीच गोप्य कुरा भइरहेथ्यो । यत्तिकैमा कसैको आउने सूचनाको घन्टी बज्यो । चाणक्य सतर्क भए । विशेष यन्त्रले प्रमुख प्रहरीसँग आउन लागेको मानिस को रहेछ सोधेँ । प्रहरीले कुनै सिकारी आफ्नो नाउ वनराज भन्ने बताउँछ भन्यो । पानी खतराबाट माथि छ, चाणक्यले सम्मानसहित लिएर आऊ भनी अह्राए । आउने व्यक्ति चाणक्यद्वारा प्रमुख गुप्तचर त्रिनेत्र थिए । चाणक्यले उनलाई हेर्दै भने- 'भन त्रिनेत्र ! मगधका नागरिकको के प्रतिक्रिया छ ।' सम्मानपूर्वक शिर निहुराई त्रिनेत्रले भने-'पूज्यवर प्रजा चारैतिर परस्पर विरोधी कुरा गर्दछन् ।'

चन्द्रगुप्त संशय व्यक्त गर्दै भन्दछन्- 'शोकमा रुनु र हर्षमा होस् स्वाभाविक हो महात्मा !' होइन, शोकमा रुने र हर्षमा हाँस्ने कुरा जसले लुकाउँछ, त्यसले कहिल्यै पनि पराजयको अनुभव गर्नुपर्दैन। शोक अर्काका लागि उपहास बन्छ हर्ष आफ्ना लागि पीडादायक हुन्छ । अतः पत्थर (ढुंगा जस्तै कठोर तिमीले बन्नुपर्छ । म तिमीलाई भोलि मगधको राजासिंहासनमा आसीन गराउन चाहन्छु राज्यको रक्षाका लागि हृदय, बुद्धि र हातहरूमा बल ल्याउनुपर्छ ।'

'हेर राजाले सर्पसँग खेल्नुपर्छ । राजधर्म अत्यन्तै कठोर धर्म हो, राजाले मृत्युपछि मात्र कीर्ति पाउँछ जो राजर्षि बनी देशको सेवा गर्छ उसले गिद्धको जस्तो दृष्टि, सिंहको जस्तो साहस, इन्द्रियमा अनुशासन, रहस्य लुकाउने क्षमताजस्ता गुणहरू आफूमा सुरक्षित राख्नु आवश्यक पर्छ । राजाले बूढापाकासँगको सम्पर्कले आफ्नो आँखा खोल्न सक्नुपर्छ । आज राति तिमी सुत्ने छैनौ बिहानसम्म मेरा अर्थशास्त्रबाट राज्यव्यवहारको पाठ तिमीले सिक्नुपर्दछ ।'

एउटा अर्को कुरामा अरू ध्यान देऊ, राज्य पाउनु त्यति कठिन होइन जति त्यसको सुरक्षा गर्नु । राज-रस महजस्तो गुलियो र स्वादिलो हुँदैन विषपान गर्नु बराबर हो ! जुन शासकले विषपान गरी अमृत ओकल्दछ त्यहीं राजाने राज्यको सञ्चालन राम्ररी गर्न सक्छ ।

## पत्र-मञ्जुषा

### आँखा चिम्लेर लगानी गर्ने अनि पछुताउने नेपाली प्रवृत्ति

कुनै पनि वस्तु तथा सेवा खरिद गरेपश्चात् त्यसको वर्षैपिच्छे मूल्यमा गिरावट आउँछ । हाम्रो कानुनअनुसार जुनसुकै सवारीसाधन, घर, विमान (प्लेन) किनेर सम्बन्धित निकायमा दर्ता गरेपछि सोको मूल्य वार्षिक २५ प्रतिशतको दरले घट्ने व्यवस्था नै छ । सरकारले जन्मिएको मितिले १६ वर्ष पुगेपछि आफ्ना नागरिकलाई नागरिकता दिन्छ भने ६८ वर्ष पुगेपश्चात् ज्येष्ठ नागरिक भत्ता प्रदान गर्दछ ।

मानिस जन्मिएपछि मर्नुपर्ने स्वभाविक प्रक्रिया नै हो । तर, उसले त्यसबीचको अवधिमा के-कस्ता काम गर्छ, त्यो महत्त्वपूर्ण हुन्छ । किनकि राम्रो काम गरेपछि मरेपश्चात्समेत त्यो व्यक्तिको याद गरिन्छ । यद्यपि, त्यसतर्फ प्रवेश नगरौं । अहिले बजारमा सुनको मूल्य निरन्तर उकालो लागिरहेको छ । झण्डै पाँच दशकअघि अर्थात् २०३२/०३३ मा तोलाको १८ सय रहेको सुन अहिले बढेर डेढ लाख पुगेको छ ।

सुनको मूल्य बढाउनुमा सीमित व्यापारी तथा दलालीहरूको हात छ । अहिले डेढ लाखमा सुन किन्नेहरू भोलि मूल्य घट्नासाथ डुब्ने छन् । सुनको मूल्य सधैं बढिरहने मात्र छैन । कुनै दिन त घटि नै हाल्छ । किनकि पाँच दशकअघि सुनको मूल्य तोलाको १८ सय थियो । भोलि फेरि यही मूल्यमा नझर्ला भनेर भन्न सकिँदैन । कुनै पनि वस्तुको मूल्य बढ्नासाथ त्यसमा आँखा चिम्लेर लगानी गर्ने हाम्रो प्रवृत्ति छ ।

उदाहरणकै लागि दुई वर्षअघि पनि सेयरको मूल्य ह्वात्तै बढेको थियो । त्यतिबेला एक कित्ता सेयरकै ३२ सय रूपैयाँ पुग्यो । हामी सर्वसाधारण सेयरमा त नाफा पो हुने रहेछ भनेर दलालीको लहैलहैमा लागेर आफ्नो भएभरको पैसा यही क्षेत्रमा लगानी गर्‍यौं । अनि सुरु भयो सेयरको मूल्य घट्न । एकाएक ३२ सय पुगेको सेयर गएको दुई वर्षको बीचमै १०० रूपैयाँमा बिक्री नहुने अवस्था सिर्जना भयो ।

किनकि सेयरमा लगानी गरेका ठूला लगानीकर्ता (दलाली) हरूले त आफ्नो सेयर महँगोमा बेचिसकेका थिए । जब महँगोमा बेच्ने पालो साना लगानीकर्ता (सर्वसाधारण) को आयो तब उनीहरूको ह्वात्तै मूल्य घटाइदिए । अनि मूल्य घटेको समयमा किनेर अहिले ती दलालीहरू आफैंले सेयरको मूल्य बढाई बेचिरहेका छन् अथवा सर्वसाधारण फसाइरहेका छन् ।

यसले सेयर होस् या सुन जुनसुकैको मूल्य बढ्दा पनि सर्वसाधारणलाई होइन सीमित दलाली वा व्यापारीलाई फाइदा हुने हो । यसतर्फ लगानी गर्नुपूर्व सोचविचार गर्न निकै जरुरी छ । अर्कोतर्फ, दशकअघि नेपालमा खेतबारी नै खेतबारी थियो । घर निकै कम थियो । घर भए पनि कच्ची माटोको हुन्थ्यो । तर, अहिले सबै सिमेण्टको बनेका पक्की घर छन् । काठमाडौं उपत्यकासहित देशभरका जिल्ला घरले भरिएका छन् । खाली जग्गा कमै देख्न पाइन्छ । देशभर एकाएक घर निर्माण हुनुको पनि छुट्टै कारण छ । २०२१ र २०३२ सालमा दुई पटक गरी सरकारले जग्गाको नाप जाँच गयो । २०२१ सालअघि कोहीसँग पनि जग्गाको लालपुर्जा थिएन ।

यद्यपि, सरकारले जग्गाको नापजाँच गरी व्यक्तिको जग्गा व्यक्तिलाई नै दियो अथवा लालपुर्जा दियो । २०२१ सालमा जग्गाको नापजाँच गरी लालपुर्जा दिइएकोमा कतिपय व्यक्तिले आफ्नो जग्गा नापजाँच गर्न छुटेको पुनः गर्न माग गरेपछि ०३२ सालमा पनि जग्गाको नापजग्गा गरिएको हो । अनि ०३२ सालमा गरिएको नापजग्गामा अधिकांश व्यक्तिले सरकारी कर्मचारी, कानुन व्यवसायीको आडमा सरकारी/सार्वजनिक जग्गासमेत आफ्नो नाममा दर्ता गराए ।

यता, २०३९ सालसम्म नेपाल खाद्यान्नमा पूर्ण आत्मनिर्भर थियो । त्यतिबेला अन्य मुलुकलाई अनुदानस्वरूप खाद्यान्न दिने हाम्रो देश आज त्यही खाद्यान्नका लागि विदेशीको गुलामी गर्नुपर्ने अवस्थामा पुगेका छौं । छिमेकी राष्ट्र भारत वा अन्य देशले खाद्यान्न नपठाए हामी नेपाली भोकभोकै मर्नुपर्ने परिस्थित सिर्जना भएको छ । २०४१ सालअघि जग्गाको खण्डीकरण वा प्लाटिङ गरिँदैनथ्यो ।

०४१ सालमा भूमाफिया, जग्गा दलालीहरूले खेतीयोग्य जमिनसमेत प्लाटिङ गर्ने नीति ल्याए । र, सोहीअनुरूप अघि बढे । गरिब कृषकसँग रोपनीको पाँच/दश हजारमा जग्गा खरिद गरे । अनि त्यो जग्गामा डोजर चलाई खण्डीकरण गरी आनाकै ६० देखि ७० लाखमा बेचबिखन गरे । अटो शोरुमहरूले पनि भारतमा एक लाखमा पाइने सवारीसाधन नेपलमा पाँच लाखदेखि २५ करोडसम्ममा बेचे ।

समय एउटा चक्र हो । भनिन्छ कि समय फर्केर आउँदैन । समय निकै महत्त्वपूर्ण हुन्छ । त्यसैले समयानुसार चल्न सक्ने व्यक्तिले भविष्यमा प्रगति गर्न सक्छ । सेयरमा होस् या अन्य जुनसुकै क्षेत्रमा लगानी गर्दा सोचेर लगानी गरौं । अन्यथा टाउकोमा हात राखेर पछुताउनुको विकल्प रहने छैन ।

**– रुषा थापा, भक्तपुर**

#### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**स्याउ बारीमा पर्यटक** | रुकुमपूर्वको भूमे गाउँपालिका– १ मैजाकुडमा रहेको स्याउबारीमा तस्बिर खिचाउँदै आन्तरिक पर्यटक । मध्यपहाडी राजमार्ग छेउमा स्याउबारी रहेका कारण यो ठाउँमा तस्बिर खिच्ने र घुम्न आउने आन्तरिक पर्यटकहरूको घुइँचो लाग्ने गर्दछ । *तस्बिरः परिचन्द्र खत्री/रासस*

# वालिङमा बसाइँसरी आउनेको तुलनामा जाने तेब्बर

**वालिङ (स्याङ्जा)–** पछिल्लो दुई आर्थिक वर्षको तथ्यांकअनुसार यहाँको वालिङमा बसाइँ सरी आउनेको तुलनामा जाने तेब्बर देखिएका छन् । व्यक्तिगत घटना दर्ता प्रतिवदेनअनुसार वालिङमा पछिल्ला दुई आवमा एकहजार ४१७ जना बसाइँ सरेर गएका छन् भने ४८१ जना बसाइँ सरी आएका छन् ।

वालिङ नगरपालिका पञ्जिकरण शाखाका ‘फोकल पर्सन’ नारायण रेग्मीका अनुसार आव २०७९/८० मा २२२ घरधुरीका ८१२ जना बसाइँ सरी गएका थिए । सोही आवमा ७५ घरधुरीका २८४ जना बसाइँ सरी आएका थिए । आव २०८०/८१ मा १८१ घरधुरीका ६०५ जना बसाइँ सरी गएका छन् । सोही आवमा ५५ घरधुरीका १९७ जना बसाइँ सरी आएका छन् । वालिङ नगरपालिकाका केही वडामा बजार विस्तार भइरहेको छ । केही वडा ग्रामीण र भौगोलिक दृष्टिले विकट छन् । ग्रामीण तथा विकट क्षेत्रबाट बजारमा बसाइँ सर्ने र बजारमा बस्दै आएकाहरू ठूला सहर तथा विदेश जाने प्रचलन बढ्दै गएको हो ।

‘स्वास्थ्य, शिक्षा र अन्य सुविधाका लागि ग्रामीण वडाबाट सहरी वडामा बसाइँ सरेर आउने र सहरी वडाबाट अन्यत्र बसाइँ जाने गरेको देखिन्छ,’ रेग्मीले भने, ‘समग्रमा नगरपालिकाभित्र आउनेभन्दा जाने बढी देखिएको छ ।’ नगरका १४ वटा वडाबाट बसाइँसराइ गर्ने केही नगरभित्रकै एउटा वडाबाट अर्को वडामा गएको र धेरैजसो वालिङभन्दा अन्यत्र गएको तथ्यांक छ । वालिङमा उच्च शिक्षा, स्वास्थ्य तथा रोजगारीजस्ता कारणले गर्दा यहाँबाट बसाइँसराई गरी अन्यत्र जाने गरेको नगरप्रमुख कृष्ण खाणले बताए ।

‘बसाइँसराइका मुख्य कारण स्वास्थ्य, शिक्षा, रोजगारी मुख्य हुन् भने अन्य कारण पनि हुन सक्छन्,’ उनले भने, ‘वालिङमा बसाइँ सरी आउनेभन्दा जाने धेरै हुनु पक्कै राम्रो कुरा होइन, यो गम्भीर विषय भएकाले यो छलफलको विषय बनाउनु जरुरी छ ।’

यहाँका नागरिकलाई वालिङमै रहने वातावरण बनाउन वालिङ नगरपालिकाकोतर्फबाट गर्न सकिने सबै प्रयास गर्न नगरपालिका प्रतिवद्ध रहेको उनले बताए । वालिङमा सुविधा सम्पन्न अस्पताल नहुनु, सिद्धार्थ राजमार्गलगायतका सहायक सडकको स्तरोन्नति नहुनु, उच्च शिक्षा अध्ययनका लागि विद्यालय नहुनु, पछिल्लो समय वालिङमा महंगी धेरै हुनुजस्ता कारण पनि यहाँबाट मानिस अन्यत्रै जाने गरेको हुनसक्ने अनुमान गरिएको छ । *रासस*

### नारायणगढ–बुटवल सडक

## वर्षाले रोकिएको निर्माण कात्तिक १५ पछिमात्र सुरु हुने

**मध्यविन्दु (नवलपरासी)–** नारायणगढ–बुटवल सडकखण्डको वर्षाले रोकिएको निर्माण आगामी कात्तिक १५ पछिमात्रै सञ्चालन हुने भएको छ । नेपालमा मनसुन सुरु भएपछि सडक विस्तारको काम रोकेको निर्माण पक्षले कात्तिक १५ पछि काम सुरु गर्नेगरी कार्यतालिका सरकारी पक्षलाई उपलब्ध गराएको हो ।

सडक निर्माणका लागि यही साउन १० गते पुनःएक वर्ष म्याद थप भए पनि अहिले सडक विस्तारको काम भने रोकिएको छ । नारायणगढ–बुटवल सडक खण्डअन्तर्गत नवलपरासी (बर्दघाट सुस्तापूर्व)को गैंडाकोटदेखि दाउन्ने खण्डमा अहिले सामान्य सडक मर्मत कार्यबाहेक अन्य काम ठप्प रहेको छ ।

बर्खाका कारण यो समयमा सडक कालोपत्र र विस्तारको काम नभए पनि पर्खाल निर्माण र मर्मतको काम भइरहेको नारायणगढ–बुटवल सडक आयोजना पूर्वी खण्डका इञ्जिनियर शिव खनालले बताए । ‘सडक विस्तारको काम पूर्ण रूपमा बन्द छ भन्न त मिल्दैन, तर यो समयमा सडक कालोपत्रबाहेकको सामान्य पर्खाल निर्माण र खाल्डाखुल्डी मर्मतका लागि पूर्वी खण्डमा ६४ जना कामदार खटिएका छन्,’ उनले भने ।

सडक कालोपत्र र विस्तारको काम कात्तिक १५ देखि मात्र सञ्चालन गर्नेगरी समय तालिका निर्माण कम्पनीले सरकारी पक्षलाई उपलब्ध गराएको छ । योबीचमा मर्मत र पर्खाल निर्माण गर्नेगरी कार्यतालिका पेस गरेको भए पनि सोअनुसारको काम पनि अहिले सडकमा भएको देखिएको छैन ।

चिनियाँ ठेकेदार कम्पनी चाइना स्टेट कन्स्ट्रक्सन इञ्जिनियरिङ कर्पोरेसन प्रालिले सडक विस्तारको काम मनसुन सुरु भएदेखि नै रोकेको थियो । यसअघि थपिएको म्याद यही साउन ८ गते सकिएपछि सरकारले थप एक वर्षका लागि म्याद थपिदिएको हो । निर्माण कम्पनीले दुईपटक म्याद थप्दा पनि काम नसकेपछि सरकारले तेस्रोपटक म्याद थपेको हो । छोटो अवधिका लागि म्याद थप भए पनि निर्माण प्रगति हेर्दा थप म्यादमा पनि कार्यसम्पन्न हुनेमा आशंका गरिएको छ । इञ्जिनियर खनालले भने यो अन्तिम पटकका लागि म्याद थप भएकाले निर्माण पक्षले समयमै कामसक्ने अपेक्षा लिएको बताए ।

निर्माण कम्पनीले सरकारी पक्षलाई दिएको जानकारीअनुसार पूर्वी खण्डमा कामदार र कर्मचारीसहित १९८ जना खटिएका छन् । वर्षाले सडकमा पहिरो जाने र अवरुद्ध हुनसक्ने स्थानमा प्राथमिकता दिएर कामदार खटाएको निर्माण कम्पनीले जनाएको छ । ‘सरकारले यो पटकको म्यादलाई अन्तिम पटक भनेकाले ठेकेदार कम्पनीले यसलाई अन्तिम अवसर ठानेर काम गर्ने छ भन्ने हामीले ठानेका छौं,’ इञ्जिनियर खनालले भने ।

अघिल्लो वर्ष म्याद थप हुँदा सडकको भौतिक प्रगति ४२ प्रतिशत थियो । सडकको भौतिक प्रगति अहिले पूर्वी खण्डमा ५२ प्रतिशत रहेको इञ्जिनियर खनालले जानकारी दिए । ११३ किलोमिटर सडकमध्ये ७० किलोमिटर चार लेन, २९ किलोमिटर चार लेनसहित दुवैतर्फ छ/छ मिटरको सर्भिस लेन, दाउन्नेमा १४ किलोमिटर तीन लेन, ६४ पुल, ४६२ कल्भर्टलगायत संरचना निर्माण गर्नेगरी ठेक्का सम्झौता भएको यो आयोजनामा हालसम्म २६.५ किलोमिटर चार लेन र २२ किलोमिटर दुई लेन सडक कालोपत्र, ४२ पुल र ३८० कल्भर्ट निर्माण गरिएको छ । २०७९ साउन २२ मा सडक विस्तारको काम सम्पन्न गर्नेगरी २०७५ साल चैतमा यस सडक विस्तारको शिलान्यास गरिएको थियो । *रासस*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KHALED ABBAS KHAZAL BLACKSMITH AND ALUMINUM WORKSHOP

पुर्व स्वीकृति मिति २०८०/04/0५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/04/२० | LT. No. 289726 | चलानी नं. ६०२०४९५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 2 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : KHALED ABBAS KHAZAL METAL INDUSTRIES FACTORY

पुर्व स्वीकृति मिति २०८०/0६/११ | पुन विज्ञापन स्वीकृति मिति २०८१/04/२० | LT. No. 293275 | चलानी नं. ६०२०८३३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Worker | 2 | 0 | 1000 | ३५,५३५ | | | | | | | |

कम्पनी : ABDULLAH KHALED AL HINDI TRANSPORT CORPORATION

पुर्व स्वीकृति मिति २०८१/04/0७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/04/२० | LT. No. 307805 | चलानी नं. ६०२२२५२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 6 | 0 | 1800 | ६४,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन २८ गते (12th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kapeel Manpower Pvt. Ltd.**
श्रम ईजाजत नं. १८५/०५७/०५८
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407, Mobile: 9851324457, 9823299605
E-mail: kapeelmanpowerpvtltd@gmail.com, Website: www.kapeelmanpower.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DELIVERY COM ON THE TIME

पुर्व स्वीकृति मिति २०८०/0१/२० | पुन विज्ञापन स्वीकृति मिति २०८१/04/२० | LT. No.285492 | चलानी नं. ६०२००९१६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BIKE DRIVERS | 13 | 0 | 135 | ५७,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन २९ गते (13th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Saudi Nepal Recruitment Agency Pvt.Ltd.**
श्रम ईजाजत न .७९७/०६५/०६६
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal
Tel.+977-01-4720350, 4720849, 5908112
E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAHARA AL SOMMAN CONTRACTING ONE PERSON COMPANY

पुर्व स्वीकृति मितिः २०८१/04/१६ | LT. No. 308287 | चलानी नं. ६०२२३०३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Data Entry Clerk | 1 | 0 | 2000 | ७०,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन २९ गते (13th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Overseas Employment (P.) Ltd.**
श्रम ईजाजत नं. १२०८/०७३/०७४
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069,
E-mail: overseas4employment@gmail.com


## राजश्री से.ए.क्रे.को.सो.लि., प्रधान कार्यालय मलंगवा, सर्लाहीको

गैर बैंकिङ्ग (सकार) सम्पत्ति बिक्री गरिने

### शिलबन्दी बोलपत्र (टेण्डर) आव्हान सम्बन्धि सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति :- २०८१/04/२१**

यस संस्थाको संचालक समितिको बैठकको निर्णयानुसार संस्थाको स्वामित्वमा रहेको तपशिल बमोजिमको सम्पत्ति शिलबन्दी बोलपत्रको माध्यमबाट बिक्री हुने भएकोले लिन चाहने व्यक्ति/संस्थाले आफुले दिने मुल्य समेत खुलाई निम्न शर्तहरुको अधिनमा रही मिति :- **२०८१/0५/08** गते सम्ममा यस संस्थाको प्रधान कार्यालय मलंगवा सर्लाहीमा आईपुग्नेगरी शिलबन्दी बोलपत्र दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र. सं. | हालको जग्गाधनीको नाम | पूर्व जग्गाधनीको नाम | जग्गाको विवरण | जग्गाको न्यूनतम मूल्य |
|---|---|---|---|---|
| १ | राजश्री से.ए.क्रे.को.सो.लि., मलंगवा, सर्लाही | सियालाल राय | जि.सर्लाही चन्द्रनगर वार्ड नं. ९ क कि.नं. ३२४, क्षेत्रफल ०-३-१७ | ४,५०,०००।- अक्षेरुपी रु. चार लाख पचास हजार मात्र । |
| २ | राजश्री से.ए.क्रे.को.सो.लि., मलंगवा, सर्लाही | सुवोध कुमार झा | जि.सर्लाही विष्णुपुर वार्ड नं. १० कि.नं. ३२, क्षेत्रफल ०.०३८६.०० | ३,२०,०००।- अक्षेरुपी रु. तीन लाख बिस हजार मात्र । |
| ३ | राजश्री से.ए.क्रे.को.सो.लि., मलंगवा, सर्लाही | धनिपत राय | जि.सर्लाही मलंगवा वार्ड नं. क्रमशः ९/९, कि.नं. क्रमशः ३८०/४९, क्षेत्रफल क्रमशः ०.०१६०.००/०.१७१७.०० | ३,०२,०५३।- अक्षेरुपी रु. तीन लाख दुई हजार त्रिपन्न मात्र । |

**शर्तहरू :**

१. शिलबन्दी बोलपत्र (शिल टेण्डर) फारम रु.२५०/- मा यसै संस्थाको प्र.का. मलंगवा, सर्लाहीबाट प्राप्त गर्न सकिने छ ।
२. रीत नपुगेको, तोकिएको मिति र समयमा आई नपुगेको टेण्डर उपर कुनै कारवाही गरिने छैन ।
३. कुनै कारण जनाई वा नजनाई टेण्डर स्वीकृत गर्ने अधिरकार यस संस्थाको संचालक समितिमा सुरक्षित रहने छ ।
४. आफुले दिन चाहेको मूल्य अंक र अक्षरमा प्रष्ट लेखिएको हुनु पर्नेछ ।
५. संघ संस्थाको हकमा संस्थाको छाप अख्तियारनामा र निज अख्तियारवाला कर्मचारीको दस्तखत अनिवार्य हुनु पर्दछ ।
६. शिल टेण्डर र खाममा लाहा छाप समेत लगाई दिनु पर्नेछ ।
७. टेण्डर स्वीकृत भएपछि बाँकी रकम ७ दिन भित्र दाखिला गरि जग्गा नामसारी गराई सक्नु पर्नेछ ।
८. टेण्डर साथ आफुले दिन चाहेको मूल्यको न्यूनतम १० प्रतिशत रकम यसै संस्थाको नाउँमा रहेको लक्ष्मी सनराईज बैंक लि., मलंगवा शाखाको खाता नं.१२८११०००९९१ मा दाखिला गरि सो को सक्कल बैंक भौचर रसीद टेण्डर साथ राखेको हुनु पर्नेछ ।
९. टेण्डर मिति :- **२०८१/0५/08** गते दिनको १० बजे देखि १२ बजे सम्म शिलबन्दी टेण्डर दर्ता गरिने र दिनको २ बजे यस संस्थाको प्रधान कार्यालय मलंगवा, सर्लाहीमा टेण्डर दाता र निजको साथै विभिन्न कार्यालयहरुको प्रतिनिधिहरुको रोहवरमा वा निजको उपस्थिति नभएमा पनि उपस्थित प्रतिनिधिहरुको रोहवरमा खोलिने छ ।
१०. टेण्डर दर्ता अथवा खोलिने दिन सार्वजनिक बिदा परेको खण्डमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन हुनेछ ।
११. अन्य जानकारी चाहेमा यसै संस्थाको प्रधान कार्यालयमा कार्यालय समय भित्र आई बुझ्न सकिने छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TIRA INTERNATIONAL INDUSTRIAL FACTORY.

पुर्व स्वीकृति मिति २०८१/04/१८ | LT. No. 308375 | चलानी नं.६०२२३०२६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading and Unloading Workers | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन २८ गते (12th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ARANIKO OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. 267/058/059
Kupondole (Opposite Hotel Himalaya), Kathmandu, Nepal.
Tel: +977 1 5455365/5010657/5010658, Email: infoaraniko267@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनीः ABDULLAH SALAH MUSLEH AL HARBI FOUNDATION FOR MEALS

पुर्व स्वीकृति मिति २०८१/04/१८ | LT. No. 308374 | चलानी नं. ६०२२३०३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 6 | 0 | 1000 | ३५,३६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन २८ गते (12th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Nasser Outsourcing Consultants Pvt. Ltd.**
श्रम ईजाजत नं. ६१९/०६३/०६४
Ratopool-9, Kathmandu, Nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HAYAT AL DEEP TRADING CONTRACTING AND SERVICES

पुर्व स्वीकृति मिति २०८१/0२/२२ | पुन विज्ञापन स्वीकृति मिति २०८१/04/२० | LT. No. 305768 | चलानी नं. ६०२२०४९३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant/auditor | 0 | 1 | 4000 | १४५,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Administrative Supervisor | 1 | 0 | 3000 | १०८,८३० | | | | | | | |
| 3 | Brick Mason | 1 | 0 | 1200 | ४३,५३० | | | | | | | |
| 4 | Carpenter | 3 | 0 | 1200 | ४३,५३० | | | | | | | |
| 5 | Dry Cleaner Worker | 0 | 3 | 1000 | ३६,२७५ | | | | | | | |
| 6 | Foreman | 5 | 0 | 2500 | ९१,५८५ | | | | | | | |
| 7 | General Clean Worker | 8 | 20 | 1000 | ३६,६८५ | | | | | | | |
| 8 | Labour | 8 | 0 | 1000 | ३६,६८५ | | | | | | | |
| 9 | Mason | 5 | 0 | 1200 | ४३,५३० | | | | | | | |
| 10 | Painter | 2 | 0 | 1200 | ४३,५३० | | | | | | | |
| 11 | Plumber | 2 | 0 | 1200 | ४३,५३० | | | | | | | |
| 12 | Receptionist | 0 | 1 | 1500 | ५४,४१५ | | | | | | | |
| 13 | Supervisior | 0 | 2 | 2500 | ९१,५८५ | | | | | | | |

कम्पनी : MULTIPLEX CLEANING & CONT. WLL

पुर्व स्वीकृति मिति २०८१/0२/११ | पुन विज्ञापन स्वीकृति मिति २०८१/04/२० | LT. No. 305170 | चलानी नं. ६०२१९९४२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Business Excecutive | 0 | 1 | 2500 | ९१,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 3 | 0 | 2500 | ९१,५८५ | | | | | | | |
| 3 | General Clean Worker | 14 | 50 | 1000 | ३६,६८५ | | | | | | | |
| 4 | Helper | 1 | 0 | 1000 | ३६,६८५ | | | | | | | |
| 5 | Labour | 30 | 0 | 1000 | ३६,६८५ | | | | | | | |
| 6 | Plumber | 2 | 0 | 1200 | ४३,५३० | | | | | | | |
| 7 | Receptionist | 0 | 2 | 1500 | ५४,९५० | | | | | | | |
| 8 | Supervisior | 0 | 1 | 2500 | ९१,५८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन २८ गते (12th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JALAJALA RECRUITMENT PVT.LTD**
श्रम ईजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com



### एआईद्वारा निर्मित म्युजिक भिडियो सार्वजनिक

नेपाली म्युजिक भिडियोको इतिहासमा पहिलोपटक एआई (आर्टिफिसियल इन्टिलिजेन्स) भिडियो सार्वजनिक भएको छ । नेप्लिज अमेरिकन पप रक ब्याण्ड 'द भाइब्ज'ले आफ्नो लोकप्रिय गीत 'थाकिसकें...' माथि एआईद्वारा निर्मित म्युजिक भिडियो सार्वजनिक गरेको हो । एआई भिडियो नेपालको टेलिभिजन इतिहासमा पहिलोपटक प्रसारण गरिएको बताइएको छ । एआईलाई दिइएको निर्देशनमा आधारित सो भिडियोमा एआई युवायुवतीको प्रेम र विछोडको दृश्यलाई मनमोहक ढंगले देखाइएको छ ।



## जोगिन्दरको गाईजात्रे कोसेली

# 'ठगाठग कम्पनी'




**काठमाडौं (प्रस)–** हास्यव्यंग्य पर्व 'गाईजात्रा' नजिकिँदै गर्दा यससम्बन्धी सामग्री बजारमा आउने क्रम सुरू भएको छ । यसैक्रममा प्रहसन र व्यंग्यात्मक प्रस्तुतीमार्फत वि.सं. २०६१ देखि हरेक वर्ष गाईजात्राको प्रस्तुति दर्शकसामु पस्किरहेका जोगिन्दर उपनामले परिचित हास्यकलाकार शिवशंकर रिजालले नयाँ कोसेली 'ठगाठग कम्पनी' सार्वजनिक गरेका छन् । यसमा उनकै लेखन, निर्माण तथा निर्देशन रहेको छ ।

गाईजात्रा पर्वको परम्परा र संस्कृतिसँगै प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र प्राप्तिपछि विद्यमान राजनीतिक, सामाजिक तथा आर्थिक विकृति र विसंगतिमाथि व्यंग्य प्रहार गर्दै आफ्नो बाइसौं गाईजात्रे कोसेली तयार गरेको हास्यकलाकार रिजालले जानकारी दिए । 'विशुद्ध मनोरञ्जन दिने र विकृति विसंगतिमाथि प्रहार गर्दै चेतना प्रवाह गर्ने उद्देश्यले मैले कलाकारिता सुरू गरेदेखि नै हरेक वर्ष गाईजात्राको अवसरमा कोसेली ल्याउने गरेको छु । भूकम्प र कोरोना महामारीका वर्षमा भने निरन्तरता दिन सकिएन । राजनीतिक घटनाक्रम, सामाजिक विकृति विसंगतिदेखि, फेसन र ग्ल्यामरसम्मका विकृतिलाई व्यंग्य गर्ने गरेको छु,' उनले भने ।

क्यासेट, भिसिडी, सिडी हुँदै अहिले प्रविधिको प्रयोगलाई मध्यनजर गर्दै 'ठगाठग कम्पनी' इन्टरनेट (युटचुब) मा सार्वजनिक गरिएको हास्यकलाकार रिजालले जानकारी दिए । यसमा उनसँगै राधिका हमाल, गोपाल ढकाल 'छन्दे,' दिनेश काफ्ले, सुरेश तिमिल्सेना, सिला उप्रेती, सोनम शेर्पा, बीजेन्द्र नौबागे, धीरेन्द्र सिंह, सावित्री लामिछाने, प्रेम शर्मा पौडेललगायतका कलाकारले अभिनय गरेका छन् । रिजालकानुसार यस प्रस्तुतिमा प्यारोडी गीत समावेश गरिएको छ ।

देशका विभिन्न क्षेत्र विशेषगरी नेवार समुदायले मनाउने गाईजात्रा पर्वले परम्परागत, धार्मिक र सांस्कृतिक विशेषता बोकेको छ । गाईजात्रामा वर्षभरिको शोक र दु:ख भुलाउन हास्यव्यंग्यका कार्यक्रम र प्रस्तुति प्रस्तुत गर्ने परम्परा छ । यस वर्ष आगामी भदौ ४ गते गाईजात्रा पर्व परेको छ ।

# अमेरिका र क्यानडाका विश्वविद्यालयको अध्ययन सामग्रीमा छानियो 'को-हजबेन्ड'




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालको बहुपति प्रथाका बारेमा निर्माण गरिएको वृत्तचित्र फिल्म 'को-हजबेन्ड' (सहायक श्रीमान्)लाई अमेरिका र क्यानडाका विभिन्न क्याम्पस र विश्वविद्यालयमा अध्ययन सामग्रीका रूपमा पठनपाठनमा सहभागी गराउने भएका छन् । पत्रकार गणेश पाण्डेद्वारा निर्देशित ३५ मिनेटको सो वृत्तचित्र कर्णाली प्रदेशको हुम्लामा छायांकन गरिएको हो ।

सन् १९६८ मा अमेरिकामा स्थापित डकुमेन्ट्री एजुकेसनल रिसोर्सेसले अमेरिका र क्यानडाका क्याम्पस र विश्वविद्यालयमा सन्दर्भ सामग्रीका रूपमा पठनपाठनमा सहभागी गराउन लागेको हो । को-हजबेण्डले विश्वका थुप्रै देशमा दर्जन अवार्ड जित्न सफल भएको छ । यसअघि क्यानडाको टोरोन्टोमा अमेरिकन एन्थ्रोपोलिजिकल एसोसियन र क्यानेडियन एन्थ्रोपोलोजी सोसाइटीबाट आयोजित ३६ वर्ष पुरानो सोसाइटी अफ भिजुअल इन्थ्रोपोलोजी फिल्म एण्ड मिडिया फेस्टिबलमा को-हजबेण्डले नगद पुरस्कारसहित उत्कृष्ट सर्ट फिल्म अवार्ड जितेको थियो ।

बहुपति प्रथामा आधारित यो बृत्तचित्रमा घरमा जति दाजुभाइ छन्, एउटै श्रीमती बिहे गर्ने संसारकै अनौठो चलन अहिले पनि हुम्लालगायतका हिमाली जिल्लामा विद्यमान छ । सोही विषयलाई निर्देशक पाण्डेले पहिलोपटक पर्दामा उतारेका हुन् । करिब चार वर्षको छायांकनमा सो वृत्तचित्र निर्माण गरिएको हो । साइन मिडिया प्रालिले निर्माण गरेको यो वृत्तचित्रको लेखन पनि निर्देशन पाण्डेले नै गरेका हुन् ।

निर्देशक पाण्डेले मानवशास्त्रसँग सम्बन्धित अध्ययन गर्ने विभिन्न विश्वविद्यालयहरूमा उत्कृष्ट सन्दर्भ सामग्रीको रूपमा 'को-हजबेण्ड' लाई समावेश गरिनु देशका लागि पनि गर्वको कुरा भएको बताए । यसअघि पनि निर्देशक पाण्डेको बहुचर्चित डकुमेन्ट्री फिल्म 'भाग्यले बाँचेकाहरू'ले पनि डेढ दर्जन अन्तर्राष्ट्रिय पुरस्कार जितेको थियो ।

## रंगशाला

# नेपाल इरानसँग पराजित

## काभा महिला नेसन्स लिग

■ प्रभाव संवाददाता

**काठमाडौं–** राजधानीमा जारी सेन्ट्रल एसियन भलिबल एसोसिएसन (काभा) महिला नेसन्स लिगमा घरेलु टोली नेपाल इरानसँग पराजित भएको छ । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) कभर्डहलमा आइतबार भएको खेलमा नेपाल इरानसँग ३-२ सेटले पराजित भएको हो । यो हारसँगै जारी प्रतियोगितामा नेपालको अपराजित यात्रामा 'ब्रेक' लागेको छ ।

खराब सुरुआत गरेको नेपालले पहिलो सेट १६-२५ ले गुमाएको थियो । तर, दोस्रो सेटमा उत्कृष्ट पुनरागमन गर्‍यो । नेपालले दोस्रो सेट २५-१६ ले आफ्नो पक्षमा पार्‍यो । तेस्रो सेटमा फेरि इरानलाई सुम्पियो । उक्त सेट नेपालले २३-२५ ले गुमाएको थियो । चौथो सेट २५-१५ जित्दै नेपालले इरानमाथि दबाब बढायो ।

निकै प्रतिस्पर्धात्मक बनेको पाँचौं सेट १३-१५ ले इरानको पक्षमा गयो । र, नेपाल प्रतियोगितामा पहिलो हार बेहोर्न बाध्य भयो । साथै, शीर्ष स्थानमा रहने मौका पनि गुमाएको छ । यद्यपि, सेमिफाइनलको यात्रा भने सुनिश्चित भइसकेको छ । नेपालले तीन खेलबाट छ अंक जोडेको छ । यसअघि नेपालले श्रीलंकालाई ३-० र भारतलाई ३-२ को सेटमा पराजित गरेको थियो । नेपालले लिग चरणको अन्तिम खेलमा सोमबार माल्दिभ्सको सामना गर्ने छ । लगातार तेस्रो जित निकालेको इरानले चार खेलबाट सात अंक जोडेको छ । पहिलो सेटमा भारतसँग ३-१ को सेटमा पराजित भएको इरानले त्यसपछि श्रीलंकालाई ३-२ र माल्दिभ्सलाई ३-० को सेटमा हराएको थियो ।

### श्रीलंकाले माल्दिभ्सलाई हरायो

आइतबार नै भएको पहिलो खेलमा श्रीलंकाले माल्दिभ्सलाई पराजित गरेको थियो । श्रीलंकाले माल्दिभ्सविरुद्ध ३-० को सोझो सेटमा पराजित गर्दै प्रतियोगितामा पहिलो जित दर्ता गराएको हो ।

श्रीलंकाले माल्दिभ्समाथि खेलको पहिलो सेट २५-२२ ले जित्यो भने दोस्रो सेट २५-१२ ले आफ्नो पक्षमा पार्‍यो । त्यस्तै खेलको तेस्रो सेट २५-१६ ले जितेपछि प्रतियोगितामा पहिलो जित दर्ता गराएको हो । जितसँगै श्रीलंकाले सेमिफाइनल यात्रा तय गरेको छ । पराजित माल्दिभ्स भने सेमिफाइनल होडबाट बाहिरियो ।

श्रीलंकाले यसअघि नेपालसँग ३-० र इरानसँग ३-२ सेटमा हार व्यहोरेको थियो । माल्दिभ्स भने यसअघि भारत र इरानसँग समान ३-० को सेटमा पराजित भएको थियो । यस खेलसँगै उक्त प्रतियोगितामा सेमिफाइनल पुग्ने टोलीको टुंगो लागेको छ । सेमिफाइनमा नेपाल, भारत, इरान र श्रीलंकाले स्थान पक्का गरेका छन् ।

# त्रिवि क्रिकेट मैदानलाई अन्तर्राष्ट्रियस्तरको रंगशालामा रूपान्तरण गरिने



**काठमाडौं (प्रस)–** प्रधानमन्त्री केपी शर्मा ओलीले कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानलाई अन्तर्राष्ट्रियस्तरको क्रिकेट रंगशालामा रूपान्तरण गर्न पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । प्रधानमन्त्रीनिवास बालुवाटारमा आइतबार क्यानका पदाधिकारी, पूर्वक्रिकेटर, कलाकार केकी अधिकारी र प्रकाश सपुतलगायत क्रिकेटप्रमीसँगको संयुक्त भेटमा प्रधानमन्त्री ओलीले क्रिकेट, खेलाडी र यससँग सम्बन्धित पक्षको विकास र विस्तारका विषयमा छलफल गरेका हुन् ।

'क्रिकेट रंगशालाका विषयमा आइतबार क्यानका पदाधिकारी, खेलाडी, खेलप्रेमी कलाकार र सचिवालयका साथीहरूबीच छलफल भयो । यससँगै रंगशाला निर्माणलाई द्रूत गतिमा अघि बढाउन सजिलो हुने विश्वास लिएका छौं,' प्रधानमन्त्री ओलीले भने । मन्त्रिपरिषद्को पहिलो बैठकले त्रिवि मैदानलाई ३०० दिनमा अन्तरािष्ट्रियस्तरको सुविधा सम्पन्न रंगशाला बनाउने निर्णय गरेको थियो ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी :AL AMEERI HOLDING GROUP CO

पूर्व स्वीकृति मिति २०८१/०१/२३ पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/२० LT. No. 304199 चलानी नं. ६०२१९०००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 10 | 0 | 150 | ६५,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner | 20 | 0 | 100 | ४३,९२० | | | | | | | |
| 3 | Cleaner | 5 | 0 | 150 | ६५,८८० | | | | | | | |
| 4 | Sales Person | 0 | 5 | 200 | ८७,४५५ | | | | | | | |
| 5 | Sales Person | 0 | 7 | 150 | ६५,८८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २८ गते (12th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1352/074/075

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAUDI FACTORY COMPANY FOR TELEPHONE AND ELECTRICAL NETWORK SUPPLIES

पूर्व स्वीकृति मिति : २०८०/०४/०५ पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/२० LT. No. :289697 चलानी नं. ६०२०४९४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २८ गते (12th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. १३०५/०७४/०७५

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL SAFI WATER COMPANY IS A ONE PERSON COMPANY

पुर्व स्वीकृति मिति २०८१/04/08 LT No. 307720 चलानी नं. ६०२२३०३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver / Heavy Driver | 2 | 0 | 1800 | ६३,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २८ गते (12th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Career Development Human Resource Pvt. Ltd.

श्रम इजाजत नं. १२३०/०७४/०७५

Buddhanagar, New Baneshwor, Kathmandu, Nepal Phone : 01-4784063, 4784064, Fax: 01-4784063 E-mail: info@careerdevelopmenthr.com



डेनमार्कको कोपेनहेगनमा भारी वर्षाको कारण सडकमै डुबेका कारहरू । *तस्बिर: एएफपी*

# इजरायलविरूद्ध इरानको सम्भावित आक्रमणको प्रतिरोधको तयारीमा अमेरिकी जनरल मध्यपूर्वमा

**वासिङटन, डिसी–** हमास र हिजबुल्लाहका वरिष्ठ नेताको हत्यापछि इरानले इजरायलमाथि आक्रमण गर्न सक्ने अनुमानबीच अमेरिकी केन्द्रीय कमान्डका जनरल माइकल कुरिल्ला शनिबार उक्त क्षेत्रमा आइपुगेको दुई अमेरिकी अधिकारीलाई उद्धृत गर्दै अमेरिकी समाचार संस्था एक्जिओसले जनाएको छ ।



तेहरानमा हमासका राजनीतिक विभाग प्रमुख इस्माइल हनियाको हत्यापछि इजरायल, इरान र हिजबुल्लाहबीच पछिल्लो समय तनाव हुनुअघि तय गरिएको जनरल कुरिलाको भ्रमणलाई अहिले रणनीतिक कदमका रूपमा हेरिएको छ । उनले अप्रिल १३ मा इरानबाट भएको आक्रमणविरुद्ध इजरायलको रक्षा गर्ने अन्तर ाष्ट्रिय र क्षेत्रीय गठबन्धनलाई परिचालन गर्ने अपेक्षा गरिएको एक अमेरिकी अधिकारीलाई उद्धृत गर्दै एक्जिओसले जनाएको छ ।

अमेरिका र इजरायलका तीन अधिकारीले इरानले सोमबारसम्ममा इजरायलमाथि आक्रमण गर्नसक्ने बताएका छन् । इरान र हिजबुल्लाहका नेताहरूले हिजबुल्लाहका शीर्ष सैन्य कमाण्डर फुआद शुकर र हमासका राजनीतिक नेता इस्माइल हनियाको हत्याको बदला लिने प्रतिबद्धता व्यक्त गरेका छन् ।

एक अमेरिकी अधिकारीका अनुसार कुरिलाले इजरायल र जोर्डनलगायत खाडीका विभिन्न देशको भ्रमण गर्ने अपेक्षा गरिएको छ । कुरिलाको भ्रमणको प्रमुख गन्तव्य जोर्डन रहेको मानिएको छ किनकि जोर्डनले अप्रिल १३ को आक्रमणको समयमा इजरायलको सहयोगका लागि इरानी ड्रोनहरूलाई रोकी अमेरिकी र इजरायली जेटहरूलाई अवरोधका लागि आफ्नो हवाई क्षेत्र प्रयोग गर्न अनुमति दिएर महत्त्वपूर्ण भूमिका खेलेको थियो ।

अधिकारीका अनुसार अमेरिकाले आवश्यक परेको खण्डमा फेरि पनि जोर्डनको यस्तै सहयोग रहने आशा गरेको छ । इरानले इजरायलमाथि गर्नसक्ने सम्भावित आक्रमणको तयारीका लागि अमेरिकाले मध्यपूर्वमा आफ्ना सेनालाई बढाइरहेको र यस क्षेत्रमा थप युद्धपोत तथा लडाकु विमानहरू पठाउन लागेको पेन्टागनले शुक्रबार जनाएको थियो ।

अमेरिकी अधिकारीहरूले इरानको जवाफी कारबाही इजरायलमाथि गरेको अघिल्लो आक्रमणजस्तै औचित्यहीन हुने तर लेबनानमा हिजबुल्लाह पनि सामेल हुनसक्ने अपेक्षा गरेका छन् । हानियाको हत्याले यस क्षेत्रमा इजरायलविरुद्ध तीव्र भावना उत्पन्न गरेकाले अघिल्लो इरानी आक्रमणबाट इजरायलको रक्षा गर्ने राष्ट्रहरूको अन्तर्राष्ट्रिय र क्षेत्रीय सहयोग परिचालन गर्न अझ कठिन हुनसक्ने अमेरिकी सरकारको चिन्ता छ ।

अमेरिका र इजरायलका अधिकारीहरूले इरान र हिजबुल्लाहले समन्वित आक्रमण गर्ने वा छुट्टाछुट्टै कारबाही गर्ने भन्नेबारे आफूलाई थाहा नभएको बताएका छन् । इरान र हिजबुल्लाहले अझै पनि आफ्नो सैन्य योजनालाई अन्तिम रूप दिन र राजनीतिकस्तरमा अनुमोदन गर्न काम गरिरहेको अधिकारीहरूले बताएका छन् । *रासस⁄एएफपी*

# भेनेजुएलालाई मतदानको रेकर्ड सार्वजनिक गर्न आग्रह

**रोम–** युरोपेली संघ (इयू) का सात राष्ट्रका नेताहरूले भेनेजुएलालाई 'निर्वाचन प्रक्रियाको पूर्ण पारदर्शिता र सत्यनिष्ठा' देखाउन मतदानको विवरण सार्वजनिक गर्न शनिबार आग्रह गरेका छन् । फ्रान्स, जर्मनी, इटाली, नेदरल्याण्ड्स, पोल्याण्ड, पोर्चुगल र स्पेनले जारी गरेको वक्तव्यमा राष्ट्रपति चुनावपछिको देशको अवस्थाबारे 'कडा चिन्ता' व्यक्त गरिएको छ ।

राष्ट्रपति निकोलस मदुरोले गत साताको मतदानमा विजयी भएको दाबी गरेका थिए तर विपक्षीले भने एडमुन्डो गोन्जालेज उरुटियाविजयी भएको दाबी गर्दै आधिकारिक नतिजाको विरोध गरेका छन् । 'हामी भेनेजुएलाका अधिकारीहरूलाई मतदानसम्बन्धी सबै विवरण तत्काल सार्वजनिक गर्न आग्रह गर्दछौं,' सात देशका नेताहरूले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

भेनेजुएलाका जनताको इच्छालाई मान्यता दिन यस्तो कदम चाल्नु आवश्यक रहेको विज्ञप्तिमा उल्लेख छ । 'भेनेजुएलाका विशेषगरी विपक्षी राजनीतिक नेता र सबै नागरिकको अधिकारलाई यस प्रक्रियामा सम्मान गर्नैपर्छ,' विज्ञप्तिमा भनिएको छ, 'हामी उनीहरूविरुद्ध कुनै पनि गिरफ्तारी वा धम्कीको कडा शब्दमा निन्दा गर्दछौं, अधिकारीहरूले जनताको 'शान्तिपूर्ण रूपमा विरोध प्रदर्शन गर्ने र भेला हुने अधिकार' को सम्मान गर्नुपर्छ ।'

भेनेजुएलाका हजारौं नागरिकले मादुरोले चुनाव जितेको दाबीलाई चुनौती दिन देशभर भेला भएका बेला उक्त वक्तव्य आएको हो । राष्ट्रपतिप्रति वफादार रहेको सिएनई निर्वाचन प्राधिकरणले शुक्रबार मादुरोको विजयलाई अनुमोदन गरेपछि सुरु भएको प्रदर्शनमा ११ जनाको मृत्यु हुनुका साथै एक हजारभन्दा बढीलाई हिरासतमा लिइएको बताइएको छ ।

संयुक्त राज्य अमेरिका र ल्याटिन अमेरिकी छिमेकी अर्जेन्टिना, कोस्टारिका, पानामा, इक्वेडर र उरुग्वेलगायत देशहरूले उक्त नतिजालाई अस्वीकार गरिसकेका छन् । भेनेजुयलाको विपक्षी दलले आफ्नो उम्मेदवार गोन्जालेज उरुटिया स्पष्टरूपमा विजयी भएको दाबी गर्दै आएको छ । *रासस⁄एएफपी*

# फ्रान्सेली नागरिकलाई लेबनान छोड्न आग्रह

**पेरिस–** इजरायल र हिजबुल्लाहबीच चौतर्फी युद्ध र व्यापक क्षेत्रीय द्वन्द्वको डरबीच फ्रान्सले आइतबार लेबनानमा रहेका आफ्ना नागरिकलाई तत्काल देश छोड्न आग्रह गरेको छ । 'लेबनान भ्रमण गर्ने र त्यहाँ रहेका फ्रान्सेली नागरिकलाई त्यहाँको सुरक्षा अवस्थाप्रति ध्यानाकर्षित गराउन चाहन्छौं र उनीहरूलाई तत्काल लेबनान छोड्न र आफ्नो देश फर्कन आग्रह गर्दछौं,' लेबनानका लागि यात्रा सूचनामा फ्रान्सेली विदेश मन्त्रालयले भनेको छ ।

फ्रान्सेली विदेश मन्त्रालयले बिहीबार फ्रान्सका लागि व्यावसायिक उडानको निरन्तर उपलब्धतालाई जनाउँदै सूचनापत्र जारी गरेको थियो । फ्रान्सले अनुमानित २३ हजार नागरिक लेबनानमा बस्ने गरेको जनाएको छ र गत महिना लगभग १० हजार फ्रान्सेली नागरिकहरू लेबनान भ्रमण गरिरहेका थिए । स्वीडेनले पनि बेरूतमा रहेको आफ्नो दूतावास बन्द गर्ने घोषणा गर्दै आफ्ना नागरिकलाई तत्काल देश छोड्न आह्वान गरेको छ ।

मन्त्रालयले आइतबार इरान र यसका सहयोगीहरूले हमासको राजनीतिक नेताको हत्याको लागि इजरायललाई दोष दिँदै बदला लिने धम्की दिएपछि क्षेत्रीय द्वन्द्वको डरले फ्रान्सेली नागरिकलाई तत्काल लेबनान यात्रा नगर्न आग्रह गरेको हो । तेहरानले पनि हमास र लेबनानसँग सम्बद्ध इरान समर्थित लडाकु समूह हेजबुल्लाहले जस्तै इस्माइल हानियाको बुधबार भएको हत्यामा इजरायलको संलग्नता रहेको आरोप लगाएको छ । *रासस⁄एएफपी*

# मध्य भारतमा पर्खाल भत्किँदा नौ बालबालिकाको मृत्यु

**नयाँदिल्ली–** भारतको मध्य प्रदेश राज्यमा एक धार्मिक कार्यक्रमका क्रममा पर्खाल भत्किँदा नौ बालबालिकाको मृत्यु हुनुका साथै अन्य कयौं घाइते भएका छन् ।

मध्य प्रदेशको राजधानी भोपालबाट करिब २०५ किलोमिटर उत्तरपूर्वमा पर्ने सागर जिल्लाको शाहपुर गाउँमा पर्खाल भत्किएको हो ।

'आइतबार शाहपुरको हरदौल बाबा मन्दिर नजिकै भएको दुःखद घटनामा १० देखि १५ वर्ष उमेर समूहका नौ बालबालिकाको मृत्यु भएको छ भने कयौं घाइते भएका छन् । मन्दिरको छेउमा रहेको घरको भित्ता ढल्दा धार्मिक कार्यक्रममा सहभागी हुनका लागि मानिसहरू मन्दिरमा जम्मा भएका थिए,' एक प्रहरी अधिकारीले भने ।

पचास वर्ष पुरानो र जीर्ण घर बर्खायाममा भारी वर्षाका कारण भत्किएको उनले बताए । घटनालगत्तै उद्धार र भग्नावशेषमुनिबाट मृतकलाई निकाल्न प्रकोप प्रतिकार्य बलका जवानहरू र प्रहरी टोलीहरू घटनास्थलमा पठाइएको थियो । घाइते बालबालिकालाई उपचारका लागि अस्पताल लगिएको छ । त्यसैगरी, शनिबार भएको राज्यको रीवा जिल्लामा एक अर्को घरको पर्खाल भत्किँदा चार बालबालिकाको मृत्यु भएको छ । पाँचदेखि सात वर्ष उमेर समूहका ती बालबालिका विद्यालयबाट फर्कँदै गर्दा पर्खाल भत्किएको थियो । रासस⁄सिन्ह्वा

# पुटिनले घोषणा गरे अन्तर्राष्ट्रिय 'सिमलेस रेल' योजना

**मस्को–** रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले आइतबार अन्तर्राष्ट्रिय यातायात कोरिडोरको विकास गर्ने योजना सार्वजनिक गरेका छन् । 'हामी बाल्टिक र बेरेन्ट्स समुद्रबाट फारसको खाडी र हिन्द महासागरको किनारसम्म 'सिमलेस रेल' सञ्चार स्थापना गर्ने लक्ष्य राखेका छौं,' रूसी राष्ट्रपति पुटिनले अगस्ट ४ अर्थात् रूसको रेलवे श्रमिक दिवसको अवसरमा एक भिडियो सम्बोधनमा भने ।

नेता पुटिनले भने, 'यी वास्तवमै महान् कार्य हुन् र मलाई विश्वास छ कि तपाईंहरूको विशेषज्ञता, अनुभव र राष्ट्रको हितप्रतिको प्रतिबद्धताले हामी ती हासिल गर्नेछौं ।' सो अवसरमा उनले मस्कोमा प्रमुख केन्द्रीय यातायात मार्गसँग एकीकृत हुने उच्च गतिको रेलवे, अन्तर ाष्ट्रिय रसद कोरिडोर र अजोभबाट ब्ल्याक सीतर्फको यातायात मार्गको वृद्धिसहित प्रमुख परियोजनाहरूको रूपरेखा पनि प्रस्तुत गरेका थिए ।

पुटिनले भने, 'हामीले नवीनतम् आविष्कारहरूको प्रयोग गरेर उन्नत प्राविधिक उन्नयनको साथ रूसको रेलवे पूर्वाधारको विस्तारलाई गति दिन आवश्यक छ । 'हाम्रो दृष्टिकोण वर्तमान आवश्यकताहरू मात्र पूरा गर्नमा केन्द्रित छैन । हामी भविष्यका मागहरूको लागि पनि तयार हुनुपर्छ जसले आगामी दशकहरूको लागि प्रगति सुनिश्चित गर्दछ । उनले रूसको पूर्वी रेलवे प्रणाली, विशेषगरी बाइकल-अमुर, ट्रान्स-साइबेरियन रेलवे, र आर्कटिक बन्दरगाहहरूसँग जोड्ने यामालो-नेनेट्स स्वायत्त जिल्लामा ७०० किलोमिटर लामो उत्तरी अक्षांश क्षेत्रको रेलवेको थप आधुनिकीकरणको महत्त्वमा जोड दिए । *रासस⁄सिन्ह्वा*

# टर्कीमा लगातार तेस्रो दिन इन्स्टाग्राम अवरुद्ध

**अंकारा–** टर्कीका एक उच्च पदस्थ अधिकारीले अमेरिकी कम्पनीविरुद्ध सेन्सरसिपको आरोप लगाएका कारण टर्कीका इन्स्टाग्राम प्रयोगकर्ताहरूले आइतबार पनि लगातार तेस्रो दिन सामाजिक सञ्जाल इन्स्टाग्राम अवरुद्ध भएको बताएका छन् ।

बिटिके सञ्चार प्राधिकरणले आफ्नो वेबसाइटमार्फत शुक्रबार मेटाको स्वामित्वमा रहेको प्लेटफर्मलाई विनाकुनै स्पष्टीकरण अवरुद्ध गरिएको घोषणा गरेको हो । यसको सन्दर्भमा एक अधिकारीले 'आपराधिक सामग्री' सम्प्रेषण गर्ने कुनै पनि माध्यमलाई अवरुद्ध गर्न अनुमति दिने नियमलाई उल्लेख गरे ।

'हाम्रो देशको आफ्नै महत्त्व र संवेदनशीलता छ । हाम्रो चेतावनीका बावजुद पनि तिनीहरूले आपराधिक विषयवस्तुको सम्प्रेषणमा ख्याल गरेनन्,' यातायात र पूर्वाधारमन्त्री अब्दुलकादिर उरालोग्लुले शुक्रबार भने ।

'हामीले हाल इन्स्टाग्राम अवरुद्ध गरेका छौं । जब उनीहरूले हाम्रो कानुनको पालना गर्छन्, हामी प्रतिबन्ध हटाउँछौं,' उनले भने । राष्ट्रपतिको सञ्चार निर्देशक फहार्टिन अल्तुनले बुधबार इन्स्टाग्रामले 'मानिसहरूलाई हमास नेता इस्माइल हानियाको लागि शोक सन्देश प्रकाशित गर्नबाट रोकेको' आरोप लगाएका हुन् । *रासस⁄एएफपी*

# बंगलादेशमा प्रधानमन्त्रीको राजीनामा माग गर्दै भएको विरोध प्रदर्शन जारी

**ढाका–** हजारौं बंगलादेशी प्रदर्शनकारीहरू प्रधानमन्त्री शेख हसिनाको राजीनामा माग गर्दै सामूहिक विरोध प्रदर्शनका लागि आइतबार मध्य ढाकामा भेला भएका छन् ।

प्रधानमन्त्री हसिनाको राजीनामाको माग गर्दै प्रदर्शनमा उत्रिएका हजारौं प्रदर्शनकारी र सरकारबीच आइतबार झडप हुँदा थप आठ जनाको मृत्यु भएको छ । सरकारी सेवामा आरक्षण प्रणालीविरुद्धको र्‍यालीका क्रममा जुलाईदेखि शनिबारसम्म भएका हुलदंगामा २०० भन्दा बढी व्यक्तिको ज्यान गएको छ ।

राष्ट्रव्यापी नागरिक अवज्ञा अभियानका प्रमुख प्रदर्शनकारीमध्ये एक आसिफ महमुदले समर्थकहरूलाई सरकारविरुद्ध लड्न तयार हुन आग्रह गरेका छन् । 'बंगलादेशलाई स्वतन्त्र बनाउने तयारी गर्नुहोस्,' उनले आइतबार सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन् ।

सेनाले आरक्षण प्रणालीको चर्को विरोधकाबीच सरकार पुन:स्थापना गर्न मद्दत गरिरहेको बेला केही पूर्वसैन्य अधिकारीहरू भने विद्यार्थी आन्दोलनमा सामेल भएका छन् । पूर्वसेना प्रमुख जनरल इकबाल करिम भूइयाँले प्रदर्शनसँग समर्थित रहेको प्रतिबिम्बित गर्दै आफ्नो फेसबुक प्रोफाइल तस्बिर रातो बनाएका छन् ।



वर्तमान सेना प्रमुख वाकर-उज-जमानले शनिबार ढाकाको सैन्य मुख्यालयमा अधिकारीसँग कुरा गर्दै भने, 'बंगलादेशी सेना जनताको विश्वासको प्रतीक हो । हामी सधैं जनताको पक्षमा उभिएका छौं र जनताको हितमा र राज्यको कुनै पनि आवश्यकताको समयमा साथ हुनेछौं ।'

शनिबार जारी भएको सेनाको विज्ञप्तिमा सेनाले विरोध प्रदर्शनलाई समर्थन गरेको छ वा छैन भनेर स्पष्ट रूपमा भनिएको छैन । सरकारी सेवामा आरक्षण प्रणालीविरुद्धको र्‍यालीले जुलाईमा निम्त्याएको हुलदंगामा २०० भन्दा बढी व्यक्तिको ज्यान गएको छ ।

सेनाले केही समयका लागि आन्दोलनको अवस्था शान्त बनाएर व्यवस्था पुनःस्थापित गरेको भएता पनि प्रधानमन्त्रीको राजीनामाको माग गर्दै यस हप्ता ठूलो संख्यामा जनता पुनः सडकमा फर्किएका छन् । *रासस⁄एएफपी*


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १४९९०० | प्रति तोला - १३७९१० | प्रति तोला - १७९५ |



**सुन्दर बन्दीपुर** | तनहुँको पर्यटकीय नगरी बन्दीपुर बजारको साँझपखको दृश्य । गण्डकी प्रदेशको उत्कृष्ट गन्तव्यको रूपमा परिचित बन्दीपुरमा स्वदेश तथा विदेशबाट पर्यटक आउने गरेका छन् । *तस्बिरः कृष्ण न्यौपाने/रासस*

## वीरगञ्ज नाकाबाट हुने हवाई इन्धन र ग्यासको आयात घट्यो

**पर्सा–** मुलुकको प्रमुख व्यापारिक नाका वीरगञ्ज हुँदै आयात गरिने खाना पकाउने एलपिजी ग्यास र हवाई इन्धनमा कमी आएको छ । गत आर्थिक वर्षमा वीरगञ्ज नाकाबाट खाना पकाउने ग्यासको आयातमा चार प्रतिशत र हवाई इन्धनको आयातमा ७१ प्रतिशतले कमी आएको हो ।

आव २०७९/८० मा वीरगञ्ज नाका प्रयोगगरी ३३ अर्ब १३ करोड रूपैयाँबराबरको दुई लाख ९० हजार २८७ मेट्रिकटन खाना पकाउने ग्यास आयात गरिएको बताउँदै वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी रघुलाल कर्णले गत आवमा ३० अर्ब रूपैयाँको दुई लाख ६७ हजार ४८ मेट्रिकटन ग्यास आयात भएको जानकारी दिए । उनका अनुसार ११ हजार २३८ मेट्रिकटन कम ग्यास अयात भएको हो ।

भन्सार कार्यालयले उपलब्ध गराएको तथ्यांकअनुसार अघिलो आवमा वीरगञ्ज नाकाबाट १७ अर्ब ३१ करोड रूपैयाँको पाँच लाख ९७ हजार १४४ किलोलिटर (केल) हवाई इन्धन आयात भएकामा गत आवमा १८ अर्ब २१ करोड रूपैयाँको एक लाख ७३ हजार ४८४ केल आयात भएको छ ।

सूचना अधिकारी कर्णले खाना पकाउने ग्यास र हवाई इन्धनको आयातमा संकुचन देखिए पनि नेपालमा सबैभन्दा बढी इन्धनका रूपमा उपयोग हुने डिजल र पेट्रोलको आयात भने बढेको बताए । वीरगञ्ज नाकाबाट आव २०७९/८० को तुलनामा गत आवमा डिजेल चार प्रतिशत र पेट्रोलको आयात दुई प्रतिशतले बढेको उनले जानकारी दिए ।

आव २०७९/८० मा एक खर्ब १३ अर्ब ५८ करोड रूपैयाँको १० लाख ४० हजार ५०६ केल डिजल र ३८ अर्ब २४ करोड रूपैयाँको तीन लाख ८९ हजार ७११ केल पेट्रोल आयात भएको जनाउँदै गत आवमा एक खर्ब नौ अर्ब २९ करोड रूपैयाँको १० लाख ८३ हजार ५२० केल डिजल र ३९ अर्ब दुई करोड रूपैयाँको तीन लाख ९४ हजार ७२३ केल पेट्रोल आयात भएको सूचना अधिकारी कर्णले जानकारी दिए । उनका अनुसार नेपालका लागि आवश्यक ७० प्रतिशत इन्धनको आयात वीरगञ्ज नाकाबाट हुने गरेको छ । *रासस*

प्रधानमन्त्री ओलीको निर्देशन

## योजना निर्माण गर्दा गुणस्तरमा ध्यान दिनू

■ प्रभाव संवाददाता

**पाटन (ललितपुर)–** प्रधानमन्त्री केपी शर्मा ओलीले योजना निर्माण गर्दा गुणस्तरमा ध्यान दिन विभाग र मातहतका कार्यालयलाई निर्देशन दिएका छन् ।

सडक विभागले शनिबारदेखि ललितपुर आयोजना गरेको आर्थिक वर्ष २०८०/८१ मा सञ्चालन गरेका कामको प्रगति समीक्षा गोष्ठीको समापनका अवसरमा अवसरमा आइतबार निर्देशन मन्तव्य राख्दै उनले सडकको सुरक्षा र मानिसको सुरक्षा हुनेगरी चालु योजना सम्पन्न गर्न निर्देशन दिएका हुन् ।

'मानिसलाई आवश्यक नै नहुने वन र भिरमा सडक खनेर कुनै फाइदा छैन, मानव बस्ती छुने र छोटो हुनेगरी सडक निर्माण गर्न आवश्यक छ, अनावश्यक ठाउँमा 'ट्र्याक' खोलेर उपयुक्त हुँदैन, भिरमा बाटो लगेर मानिसका लागि फाइदा हुँदैन, यसका लागि ध्यान दिन जरुरी छ,' प्रधानमन्त्री ओलीले भने । उनले राजनीतिक दबाबका आधारमा जनतालाई फाइदा नहुने ठाउँमा सडक निर्माणमा ध्यान दिनु आवश्यक नभएको बताए । 'एउटै खालका योजना पटक-पटक बनाउने भन्ने हुँदैन, सडकको सुरक्षा र मानिसको सुरक्षा हुनेगरी काम गर्नु आवश्यक छ । वन विभागसँग समन्वय राखेर काम गर्नुहोला,' उनले भने ।

प्रधानमन्त्रीले योजनालाई आवधिक योजनामा वितरण गरेर काम गर्न उचित भएको उल्लेख गर्दै अन्तरमन्त्रालयबीच समन्वय गरेर परिणाम आउनेगरी काम काम गर्न सुझाव दिए । आफू पहिलोपटक प्रधानमन्त्री भएको समयमा पूर्वाधारको विकासमा जोड दिएको बताउँदै अहिले देशलाई दिगो र टिकाउ हुने पूर्वाधार निर्माणको आवश्यकता परेको उल्लेख गरे ।




नेपाललाई पानीजहाज र रेलमार्गको सञ्जाल विस्तार गरेर अन्तरदेशीय र सहज यातायात सञ्चालनको योजना तर्जुमा गर्न आवश्यक रहेको उनको भनाइ थियो । प्रधानमन्त्री ओलीले २०४६ सालपछि गरिएको निजीकरणले उपलब्धि दिन नसकेको बताए । उनले ७० देखि ८० को दशक राजनीतिक प्रगतिको दशकमात्रै नभई आर्थिक प्रगतिको दशक पनि भएको बताए ।

त्यस अवसरमा भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले ९० वटाभन्दा बढी निकायका १९ वटा प्रतिवेदन पेस भएको बताउँदै रुग्ण ठेक्काको सन्दर्भमा एक महिनाभित्र प्रतिवेदन पेस गर्न मन्त्रालयका सचिवलाई निर्देशन दिएको जानकारी दिए ।

समीक्षामा वार्षिक समयमा आयोजनाका लागि रकमान्तर स्वीकृत नहुनु, आयोजना तथा योजनाको आवश्यकताअनुसार बजेट विनियोजन नगरिनु, निर्माण सामग्रीको प्रयोगसम्बन्धी नीतिगत स्पष्टता नहुनु तथा निर्माण कम्पनीले समयमै काम सम्पन्न नगर्दा आशातीत नतिजा देखाउन नसकेको विषय उठाइएको थियो ।

त्यस अवसरमा सहभागीहरूले सडक विस्तार तथा मर्मतसम्भारका क्रममा वन मन्त्रालय तथा वन विभागले सहजीकरण नगर्दा सडक निर्माणमा र विस्तारमा समस्या भएको गुनासो गरे । विद्युतका पोल, खानेपानी र ढलका समस्या समाधानका लागि समयमा समन्वय भई उचित समाधान नहुनु बजेट तथा योजना कार्यान्वयनमा बाधक भएको सहभागीले उल्लेख गरेका छन् । स्वीकृति नलिई, आवश्यक सम्भावना अध्ययन प्रतिवेदन तयार नगरी प्रदेश र स्थानीय तहले राजमार्गलाई प्रभावित गर्नेगरी शाखा सडक विस्तार गर्नु समस्याका रूपमा देखिँदा अपेक्षित प्रगति हुन नसकेको उनीहरूको तर्क थियो ।

सडक विस्तारका क्रममा मुआब्जा वितरणका लागि आवश्यक बजेटको विनियोजन तथा व्यवस्थापन नहुनु समस्याका रूपमा देखिएको सहभागी कार्यालय प्रमुखहरूको भनाइ थियो । शनिबारदेखि सुरु भएको प्रगति समीक्षा गोष्ठीमा भौतिक पूर्वाधार तथा यातायातमन्त्री दाहाल, मन्त्रालयका सचिव केशवकुमार शर्मा, सहसचिव भीमार्जुन अधिकारी, सुशीलबाबु ढकाल, कृष्णराज पन्त, सडक विभागका महानिर्देशक रामहरि पोखरेल, विभागका उपमहानिर्देशक, इन्जिनियरलगायत सडक विभाग माताहातका कार्यालयका प्रमुखहरूको उपस्थिति रहेको थियो ।

## पेट्रोलियम उत्खनन्ः कडा चट्टान भेटिएपछि ड्रिलिङमा कठिनाइ

■ दिपेन्द्र कार्की बस्ताकोटी

**दैलेख–** दैलेखको भैरवी गाउँपालिका-१ जलजलेमा पेट्रोलियम पदार्थको अन्वेषणका लागि गरिएको ड्रिलिङ कार्यमा कठिनाइ भएको छ । जमिनमुनि कडा चट्टान भेटिएपछि ड्रिलिङका विटहरू भाँचिन थालेकाले ड्रिलिङ कार्यमा कठिनाइ भएको बताइएको छ ।

खानी तथा भू-गर्भ विभागअन्तर्गतको पेट्रोलियम अन्वेषण परियोजनाका सिनियर डिभिजन जिओलोजिस्ट सुरेश श्रेष्ठका अनुसार ड्रिलिङ गर्ने मेसिनका विटहरू कडा चट्टानका कारण भाँचिन थालेपछि ड्रिलिङको काममा कठिनाइ भएको हो । गएको शनिबारसम्म एक हजार १४७ मिटर गहिरो ड्रिलिङ भइसकेको छ । 'जति गहिरो ड्रिलिङ गरिन्छ, त्यति कडा चट्टान लागेका कारण ड्रिलिङका विटहरू भाँचिने समस्याले ड्रिलिङ कार्यमा कठिनाइ भएको छ,' उनले भने ।

ड्रिलिङ मेसिनका विटहरू भाँचिएपछि चारदिनदेखि कामले गति लिन सकेको छैन । पेट्रोलियम पदार्थको अन्वेषणका लागि पहिलो चरणमा ल्याइएका ड्रिलिङ मेसिनका विटहरू भाँचिएपछि अन्य विटहरू चीनबाट मगाइएको श्रेष्ठले बताए । चीनबाट रसुवा नाकासम्म उक्त सामग्री आइपुगेको उनले जानकारी दिए ।

चारदेखि छ महिनामा ड्रिलिङ कार्य सम्पन्न गर्ने लक्ष्य लिएको भए पनि हालसम्म ड्रिलिङ कार्यले सोचेजति



गति लिन सकेको छैन । ड्रिलिङका लागि दैलेखको भैरवी गाउँपालिका-१ जलजलेमा ४५ रोपनी जग्गा अधिग्रहण गरिएको छ । हाल चिनियाँ र नेपाली गरी ६० जनाको समूहले ड्रिलिङको काम गरिहेको छ । चिनियाँ सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा सुरु भएको यो परियोजनाले दैलेखको शिरस्थान नाभिस्थान पादुका स्थानमा तीन वर्षभित्र पेट्रोलियम पदार्थको अनुसन्धान सक्नेगरी चिनियाँ सरकारसँग २८ फेब्रुअरी २०१९ मा सम्झौता भएको थियो । सम्झौताअनुसार काम हुन नसकेपछि पुनः समयावधि थपिएको थियो ।

सुरुआतमा तीन वर्षभित्र तीन चरणमा काम सक्नेगरी सम्झौता भएको भए पनि कोरोना महामारीका कारण सम्झौताअनुसार काम हुन नसकेको परियोजनाका अधिकारी बताउँछन् । पहिलो चरणमा चिनियाँ प्राविधिकहरूले दैलेखको स्थलगत अध्ययन गरेर पेट्रोलियम पदार्थ हुनसक्ने सम्भावित ठाउँ पत्ता लगाएका थिए । त्यसैका आधारमा ड्रिलिङका लागि रिग हावस निर्माण गरी ड्रिलिङ काम सुरु भएको थियो । 'ड्रिलिङ गरेपछि कति परिमाणमा पेट्रोलियम पदार्थ छ भन्ने पत्ता लगाइन्छ । खानी भेटिएपछि त्यसको आर्थिक विश्लेषण गरेर काम अगाडि बढाइने छ,' सिनियर जिओलोजिस्ट श्रेष्ठले भने ।

पेट्रोलियम पदार्थ अन्वेषण गर्न लागि २०७२ चैत्रमा चीन र नेपालबीच प्रधानमन्त्रीस्तरीय द्विपक्षीय समझदारी भएको थियो । २०७६ फागुनमा विभाग र चिनियाँ जियोजिकल सर्भे कम्पनीबीच अन्वेषण र उत्खनन गर्न दुई अर्ब ४० करोड रूपैयाँको आर्थिक तथा प्राविधिक सम्झौता भएको थियो ।

## अत्यन्त जरूरी सूचना

यस पब्लिकेसन प्रा. लि. बाट प्रकाशित **प्रभाव राष्ट्रिय दैनिक** पत्रिकाको दररेट पेस गर्ने विज्ञापन एजेन्सीहरूले यस पब्लिकेसनको अनुमति तथा स्वीकृति बिना नै दररेट पेस गर्ने गरेको र कतिपय स्थानमा यस संस्थाको अनुमतिबेगर नै टेन्डर बिड गरी स्वीकृतिसमेत भएको जानकारी प्राप्त हुन आएकोले यो सूचना प्रकाशित गरिएको छ । टेन्डरको सूचना जारी गर्दा तथा बिड गर्दा यस संस्थाले निर्धारण गरेको दररेटसहितको आधिकारिक पत्र प्राप्त एजेन्सीको मात्र टेन्डर प्रतिस्पर्धामा सहभागी गराउन र आधिकारिक पत्र प्राप्त एजेन्सीलाई मात्र बिड प्रक्रियामा सहभागी गराउनुहुन सबै विज्ञापनदातामा हार्दिक अनुरोध गर्दछौं ।

आधिकारिक पत्र बेगरका विज्ञापन एजेन्सीले पेस गरेको टेन्डर स्वीकृत नगर्न र नगराउनु हुन अनुरोध गर्दै उपरोक्त बमोजिम नगर्ने र नगराउने विज्ञापनदाता तथा विज्ञापन एजेन्सीका सूचना तथा विज्ञापन प्रकाशन गर्न यस संस्था असमर्थ हुने व्यहोरासमेत सम्बन्धित सबैलाई जानकारी गराउन चाहन्छौं । साथै आधिकारिक पत्र प्राप्त विज्ञापन एजेन्सीहरूलाई यस पब्लिकेसनमा सम्पर्क गर्नुहुन हार्दिक अनुरोध गर्दछौं ।

**प्रभाव दैनिक प्रा.लि.**
सिफल-७, काठमाडौं
टेलिफोनः ९७७-०१-४३७३५७७, ४५८४३६८, मोबाइलः ९७६१८१५४००
Email: marketing2prabhab@gmail.com

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः:arketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ